का.जि.प्र.का.द.नं. १००/०५२/६०
२९ माघ २०८०,
सोमबार
12 February 2024,
Monday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३६९ । पृष्ठ १८ | Madhyanha National Daily | www.madhyanhadaily.com

अडिग गृहमन्त्री

भ्रष्टाचारका प्रकरणहरुमा सरकार निष्कर्षमा पुग्न नसकेको भनि आलोचना भइरहेका बेला गृहमन्त्री श्रेष्ठ राजनीतिक रुपमा दबाब आएको खुलमखुला भनिरहेका छन् । बाँसबारीको सरकारी जग्गा निजीकरण गरिएको प्रकरण अगाडि नबढ्ने आम चिन्ताका बीच उनले अगाडि बढाउने दृढता प्रकट गरेका छन् ।

आरके डिसी/मध्यान्ह
काठमाडौं, २८ माघ ।

उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले बाँसबारी जग्गा प्रकरणमा जो जोसँग बुझ्नुपर्छ सबैलाई अनुसन्धानको दायरामा ल्याउने बताएका छन् । आइतबार बसेको प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा उनले भने, 'अनुसन्धानको प्रक्रियामा जो जोलाई लिखत गर्न, बुझ्न ल्याउनुपर्छ ती सबैलाई ल्याउँछौं ।'

बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले बाँसबारी जग्गा प्रकरणमा नेपाली कांग्रेसका सांसद विनोद चौधरीसँग बयान लिइयो कि लिइएन भनी प्रश्न गरेका थिए । 'अरुण चौधरीकै जति सेयर भएका सत्तारुढ दलका सांसद विनोद चौधरीलाई अनुसन्धानको दायरामा राखेर बयान लिन सकिन्थ्यो होला बयान लिइयो कि लिइएन ?' उनले प्रश्न गरे ।

बाँसबारी छालाजुत्ता कारखानाको जग्गा तत्कालिन च्याम्पियन फुटवेयर कम्पनी मातहत ल्याइएको विषयमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले अनुसन्धान गरिरहेको छ । अनुसन्धानका क्रममा च्याम्पियन फुटवेयरमा अरुण चौधरीसँगै विनोद चौधरीको पनि सेयर भएको भेटिएको सीआईबीको भनाइ छ ।

सांसद लामिछानेको प्रश्नको जवाफमा उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जो जो सँग बुझ्नुपर्छ सबैलाई अनुसन्धानको दायरामा ल्याउने बताएका हुन् । बरु उनले गृहमन्त्री श्रेष्ठले बाँसबारी जग्गा प्रकरणमा पक्राउ परेका अरुण चौधरीसहित ३ जनालाई रिहा गर्न अदालतको आदेशप्रति असन्तुष्टि जनाए । अदालतले म्याद तोकेर दुई दिनभित्र छाडिदेऊ भनेको न्यायिक इतिहासमा नै पहिलो पृष्ठ २ मा

अदालतले छाड्ने आदेश दिए पनि हामीले मुद्दा छाडेका छैनौं । अनुसन्धानको प्रक्रियामा जो जसलाई लिखत गर्न, बुझ्न ल्याउनुपर्छ ती सबैलाई ल्याउँछौं ।

■ नारायणकाजी श्रेष्ठ
गृहमन्त्री



अरुण चौधरीकै जति सेयर भएका सत्तारुढ दलका सांसद विनोद चौधरीलाई अनुसन्धानको दायरामा राखेर बयान लिन सकिन्थ्यो होला, बयान लिइयो कि लिइएन ?

■ रवि लामिछाने
सभापति, रास्वपा

माओवादी नेताहरुको कार्यशैलीमाथि प्रश्न

रिपोर्टिङका क्रममा इन्चार्जहरुले जनताका गुनासा मात्रै राखेनन्, पार्टी नेतृत्व र नेताहरुको आलोचना समेत गरेका छन् ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २८ माघ ।

नेकपा माओवादी केन्द्रको केन्द्रीय समितिको बैठक शुरु भएको छ । आइतबार १० वटै प्रदेशका इन्चार्जले 'जनतासँग माओवादी विशेष रुपान्तरण अभियान'को समीक्षात्मक रिपोर्ट पेस गरे । त्यसक्रममा उनीहरुले जनताका गुनासा मात्रै राखेनन्, पार्टी नेतृत्व र नेताहरुको आलोचना समेत गरेका छन् ।

पार्टी उपाध्यक्ष एवम प्रवक्ता अग्निप्रसाद सापकोटाका अनुसार बैठक सोमबार चल्नेछ । जनतासँग माओवादी विशेष अभियानको विशेष समीक्षा गर्दै बैठक सकिनेछ। समसामयिक राजनीतिक विषयकाका साथै पार्टीको काम कारबाही र फागुन एक गतेदेखि तय गरिएको विधान सम्मेलनबारे छलफल गर्न बोलाइएको बैठकमा माओवादी नेताहरुकै कार्यशैलीमाथि जनताले प्रश्न उठाएको रिपोर्टिङ भएको हो ।

उपत्यका विशेष प्रदेशका इन्चार्ज वर्षमान पुन, प्रवास इन्चार्ज राम कार्की, सम्पर्क समन्वयका इन्चार्ज गिरिराजमणि पोखरेल, बागमतीका इन्चार्ज जनार्दन शर्मा, कोशीका इन्चार्ज चक्रपाणि खनाल, मधेसका इन्चार्ज लीलामणि पोखरेल, गण्डकीका इन्चार्ज देवेन्द्र पौडेल, लुम्बिनीका इन्चार्ज हितमान शाक्य, कर्णालीका इन्चार्ज मातृका यादवले अभियानको समग्र अवस्थाबारे रिपोर्टिङ गरेका थिए ।

सुदूरपश्चिम प्रदेशका इन्चार्ज डिलाराम आचार्य अस्वस्थ भएकाले प्रदेश अध्यक्ष हरिराम चौधरीले रिपोर्टिङ गरेका थिए । साथै १० वटै प्रदेशका अध्यक्षले राजनीतिक, सांगठनिक र जनपरिचालन सम्बन्धमा रिपोर्टिङ गरेका थिए ।

उपत्यका विशेष प्रदेशका इन्चार्ज वर्षमान पुने अभियानको सिकाइ निकै महत्वपूर्ण रहेको बताए । 'एक अर्कामा आरोप होइन, तथ्यमा आधारित बहस अभियानको मौलिकता हो' उनले भने, 'अभियानले नेतृत्वलाई विचारमा, राजनीतिमा र संगठनमा संश्लेषण गर्न सहज बनाएको छ ।'

मधेसका इन्चार्ज लीलामणि पोखरेलले मधेसमा पार्टी नेतृत्व, नीति, योजना, कार्यक्रममा विवाद नभएको तर, जुँगाको लडाइँ छ, सुविधाको लडाइँले समस्या निम्त्याएको पृष्ठ २ मा

एक अर्कामा आरोप होइन, तथ्यमा आधारित बहस अभियानको मौलिकता हो । अभियानले नेतृत्वलाई विचारमा, राजनीतिमा र संगठनमा संश्लेषण गर्न सहज बनाएको छ ।

● वर्षमान पुन
उपत्यका विशेष प्रदेशका इन्चार्ज

वैदेशिक रोजगार विशेष

कतार र साउदी घरेलु कामदारको सम्झौता पनि एकैसाथ हुनुपर्ने पक्षमा

मध्यान्ह संवाददाता
काठमाडौं, २८ माघ

साउदी अरेबियाले एक महिनाभित्रै द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर गर्ने वातावण बनाउने आश्वासन दिएको छ। यूएईको आबुधाबीमा भइरहेको 'आबुधाबी डायलग'मा सहभागी हुन पुगेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले 'साइडलाइन' बैठकमा साउदी अरेबियाका अधिकारीहरूसँग विगत ८ वर्षदेखि गृहकार्यमा रहेको नेपाल-साउदी श्रम समझदारीका विषयमा छलफल अघि बढाएका हुन् ।

बैठकमा नेपाली पक्षले प्रस्तावित सम्झौतामा 'स्वच्छ भर्ना प्रणाली'सहित सामाजिक सुरक्षा, कामदारको कार्य घण्टा, बीमा, पेशागत स्वास्थ्य सुरक्षालगायतका विषयहरु सम्बोधन हुने गरी सम्झौता गर्न आग्रह गरेको मन्त्री भण्डारीको निजी सचिवालयले जनाएको छ।

नेपाल र साउदी अधिकारीहरूबीच पटक-पटक श्रम सम्झौताका विषयमा छलफल भएपनि साउदी अरेबियाले जनरल वर्कर्सँगै घरेलु श्रमिकका लागि पनि छुट्टै श्रम समझदारी गर्ने अडान लिँदा श्रम सम्झौता हुन सकेको छैन । नेपाली कामदारका अधिकार सुनिश्चित नभएको अवस्थामा पनि अदक्ष नेपाली कामदारको ठूलो संख्या साउदी अरेबिया गइरहेको छ ।

दुवै मुलुकको साइडलाइन बैठकमा सीपमूलक जनशक्ति उत्पादनका निम्ति नेपालमा तालिम केन्द्र स्थापना गर्न साउदी सरकारले दिएको सहयोगलाई निरन्तरता दिने तथा श्रमिकको सीप तथा क्षमता पृष्ठ २ मा

वैदेशिक रोजगारबाट फर्केर स्वरोजगार उद्यमी बनेकालाई पुरस्कृत गरिने

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीबाट फर्केर स्वरोजगार उद्यमी बनेका युवायुवतीलाई पुरस्कृत गर्ने भएको छ। मन्त्रालयले एक सूचना प्रकाशित गरी पुरस्कारका लागि वैदेशिक रोजगारबाट फर्केर स्वरोजगार उद्यम गरेका व्यक्तिलाई प्रतिस्पर्धामा सहभागी हुन आवेदन दर्ता गर्न आह्वान गरेको छ। पृष्ठ २ मा

कुवेतमा एक नेपाली युवा सम्पर्कविहीन

चन्द्र गोतामे/मध्यान्ह
कुवेत, २८ माघ

वैदेशिक रोजगारीका लागि कुवेत आएका कीशुम महर्जन गत सोमबारदेखि सम्पर्कविहीन भएका छन् । अल हमाजि ग्रुपमा करिब ६ महिना पहिले रोजगारीका लागि कुवेत आएका कीशुम गत सोमबार नेपाल जाने साथीलाई परिवारका लागि पार्सल छोड्न गएको बुझिएको छ । कुवेतस्थित नेपाली दूतावासले परिवारबाट सूचना प्राप्त भएको र खोजीकार्यलाई तीव्र पारिएको पृष्ठ २ मा

यूएईमा पानी जहाज बनाउने कम्पनीमा रोजगारको अवसर

कम्पनी : SEEMA MARINE SERVICES LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/२८ | चलानी नं.: ६०२१४७२३ | LT. No.: 299848

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Mechanical Fitter	20	0	सम्बन्धित काममा दक्ष	1300	४६,९१७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Pipe Fitter	20	0		1400	५०,५२६							
3.	Riggers	10	0		1300	४६,९१७							
4.	Tig And Arc Welder	20	0		1500	५४,१३५							

अन्तर्वार्ता जनकपुरमा मिति २०८० फागुन ७ गते (19 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता इटहरीमा मिति २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता पोखरामा मिति २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १० गते (22 February 2024) मा हुनेछ ।

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निधोनको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No.: 1606/079/080
EAGLE MANPOWER CONSULTANT PVT. LTD.
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np

युएईमा रोजगार | कम्पनी: KAD ENGINEERING AND CONSTRUCTION LLC | शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/१६ | चलानी नं.: ६०२१४०५८ | L.T. No.: 298875

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Brick Layer Assistant	5	0	सम्बन्धित काममा दक्ष	800	२८८७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Carpenter	15	0		1100	३९६९९							
3.	Civil Engineer Labourer.	10	0		800	२८८७२							
4.	Mason	10	0		1100	३९६९९							
5.	Pipe Fitter	10	0		1100	३९६९९							
6.	Plumber	10	0		1100	३९६९९							
7.	Reinforcing Fitter Assistant	5	0		1100	३९६९९							
8.	Sewage Pipe Layer	30	0		800	२८८७२							
9.	Steel Fixer	15	0		1100	३९६९९							

नोट : यसै कम्पनीको लागि Pipe Fitter And Mason को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।
प्रि अन्तर्वार्ता जुम्बाट घमाघम भई रहेको छ ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० फागुन ७, ८ र ९ गते (19, 20 & 21 February 2024) मा हुनेछ ।।
यस मेनपावर कम्पनीको लागि PRO पुरुष/महिला दुबई को कामको अनुभव भएको र Female Secretary महिला स्नातक तह पास र अंग्रेजीमा राम्रो दखल भएको कर्मचारी आवश्यक भएकोले यस मेनपावर कम्पनीमा सम्पर्क गर्नुहोला ।

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि शुल्क

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निधोनको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफ् कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५
PRESTIGE ASSOCIATES PVT. LTD.
Baneshwor, Kathmandu, Nepal. Email: askforcv@gmail.com
Phone No. :01-5920097 , 9702624732

CGC CITY GROUP COMPANY
CITY GROUP COMPANY IN KUWAIT IS HIRING
TECHNICIAN For Ministry of Health (MOH) Project कुवेतमा रोजगार
कम्पनी: CITY GROUP GENERAL TRADING COMPANY | शहर : SAFAT
पूर्व स्वीकृत मितिः २०८०/१०/२४ | चलानी नं.: ६०२१४५०घ | LT. No.:299536

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Laboratory Technician	300	50	सम्बन्धित काममा दक्ष	350	१,५०,६०८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Radiology Technician (X-ray Technician)	300	50		350	१,५०,६०८							

प्रि-अन्तर्वार्ता भइरहेको छ ।
फाइनल अन्तर्वार्ता मिति २०८० फागुन १३, १४, १५, १६ र १७ गते (25, 26, 27, 28 & 29 February 2024) द रिभर ओभरसिज प्रधान कार्यालयमा हुनेछ ।

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	नि शुल्क

Information Provided by Department of Foreign Employment (DOFE):
(वैदेशिक रोजगार विभागद्वारा प्रदान गरिएको जानकारी):
Information provided by the Department of Foreign Employment (DOFE) : वैदेशिक रोजगार बिभागबाट मराइएको जानकारी: 1. Make sure you get the visa in your name. १. आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 2. Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निधोनको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 3. Be clear on the services, facilities and salary that is mentioned in this advertisement ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 4. Orientation or induction training must be taken before going for foreign employment. ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 5. Sign the employment contract only after reading carefully about the country, company, services and facilities you are going to And keep a copy of employment contract with yourself. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 6. Please use Nepal's Airport while going for Foreign Employment, otherwise there is possibility of being cheated. ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 7. If you would like to know anything more about this advertisement, please contact Department of Foreign Employment. ७. यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, सम्पर्क गर्नुहोला । .

Gov. Lic. No 406/060/061
ISO 9001 : 2015 Certified
THE RIVER OVERSEAS PVT. LTD.
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247247, 9801247223, 9801247214
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ माघ २०८०, सोमबार
12 February 2024, Monday

'नेपाली पत्रकारिताको इतिहासको खोज र अध्ययन आवश्यक छ'

काठमाडौं / मस-नेपाली पत्रकारिता क्षेत्रका विज्ञ एवं अग्रजहरुले पत्रकारिताको इतिहासबारे खोज र अध्ययनको आवश्यकता औंल्याएका छन् ।

नेपाल पत्रकार महासंघ प्रतिष्ठान प्रदेश समितिद्वारा प्रकाशित 'अग्र अनुहार, कथा अग्रजको, गाथा महासंघको' आइतबार यहाँ विमोचन कार्यक्रममा प्रा डा.रामकृष्ण रेग्मीले पुस्तकबारे समीक्षा गर्दै पत्रकारिताको इतिहासको खोज अनुसन्धानले यस क्षेत्रको वर्तमान चुनौतीको सामना र भविष्यको बाटो पहिल्याउन सहयोग पुग्ने बताए ।

उक्त पुस्तक नेपाली पत्रकारिताको इतिहासको लागि उपयुक्त स्रोत सामग्री हुने उनले बताए । 'यस पुस्तकले नेपालमा पत्रकारितालाई सङ्गठनको रुपमा विकास गर्दा आइपरेका चुनौती र उहाँहरुले गर्नुभएको सामनाका बारेमा जानकारी दिन्छ', उनले भने, ' भविष्यको बाटो पहिल्याउन विगत हेर्न पर्छ भने जस्तै यसले पत्रकारिताको इतिहासबारे अध्ययन गर्न र सिङ्गो पत्रकारितालाई अघि बढाउन सहयोगी सावित हुनेछ । अध्ययनका लागि स्रोतसामग्रीको अभाव सधै खड्किन्छ। यस पुस्तकलाई गतिलो स्रोतसामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ ।'

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले पत्रकारिताको इतिहाससँगसँगै नेपाल पत्रकार महासंघको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्न प्रयासररत रहेको बताए । उनले उक्त पुस्तक पत्रकारिताको इतिहासका बारेमा अध्ययनका लागि अभिलेखीकरण भएको बताउँदै पत्रकारिताको इतिहास खोज्न र तथ्यमा आधारित भएर इतिहासलाई स्थापित गर्न महासङ्घ प्रयत्नशील भएको बताए ।

'पुस्तकका सन्दर्भमा नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) को असहमति र असन्तुष्टि छ । त्यसलाई एक तार्किक निष्कर्ष, तथ्यपरक अध्ययन र विधिसम्मत अनुसन्धानका विधिहरु प्रयोग गरेर टुङ्गोमा पुर्‍याउने विषयमा हामी सबैको एकमत छ । अहिले पत्रकार महासङ्घले हामी जुन विधानबाट निर्वाचित भएर आएका छौं र विधानले चिन्ने पूर्व अध्यक्षहरुको पुस्तक निकालेको हो', उनले भने, 'पत्रकार महासंघको इतिहासको खोजी, सम्मान र इतिहासलाई स्थापित गर्ने प्रयत्न भइरहेको छ ।

अडिग...

भएको बताए । 'हामीले म्याद माग्यौं, अदालतले दुई दिनमात्र दिन सक्छ, त्यसपछि सीआईबीको काम हो अनुसन्धान गर्ने । त्यसपछि म्याद थप चाहियो भन्न पनि सक्छ, चाहिँदैन भन्न पनि सक्छ । चाहियो भनेर गएपछि म्याद दिने कि नदिने अदालतले निर्णय गर्न सक्छ', उनले भने, 'अदालतले पहिला नै दुई दिनभित्र सक अनुसन्धान त्यसपछि छोडिदेऊ भनेर पुलिस अधिकारीलाई निर्देशन दिने अहिलेसम्मको न्यायिक इतिहासमा छैन, यो पहिलो हो ।'

यद्यपि उनले अदालतप्रति आफ्नो सम्मान रहेको र आदेश कार्यान्वयन गर्ने बताए । गत २२ माघमा जिल्ला अदालत काठमाडौंका न्यायाधीश यज्ञप्रसाद आचार्यको इजलासले बाँसबारी जग्गा प्रकरणमा पक्राउ परेका सीजी चाँदबाग रेसिडेन्सीका सञ्चालक समिति सदस्य अरुण चौधरी, अध्यक्ष सञ्जय ठाकुर र तत्कालिन बाँसबारी छालाजुत्ता कारखानाका कार्यकारी प्रमुख अजित नारायण सिंह थापालाई २ दिनभित्र रिहा गर्न आदेश दिएको थियो ।

अदालतले गरेको निर्णय ठीक वा बेठीक जे भए पनि आफूहरुले हस्तक्षेप गर्न नमिल्ने भन्दै उनले त्यसको कार्यान्वयन गर्ने बताए । तर काठमाडौं जिल्ला अदालतको यो आदेशप्रति भने प्रश्न उठेको उपप्रधानमन्त्री श्रेष्ठले बताए । अदालतले म्याद दिने सन्दर्भमा घण्टौं बहस गराएको इतिहास पनि नेपालमा नभएको उनले बताए । 'आदेशको पेटबोलीमा पनि यत्रो रोजगार दिने, कामदारको अभिभावक भनिएको छ, त्यो अदालतले सोच्ला' उनले भने ।

अदालतले छाड्ने आदेश दिए पनि आफूहरुले मुद्दा नछाडेको र अगाडि बढ्ने उपप्रधानमन्त्री श्रेष्ठको दृढता छ ।

माओवादी...

बताए । उनले वर्ग संघर्षको आजको आधार मधेस भएको र अबको समाजवादको आधार मधेस हुनुपर्ने बताए । साथै, पैसा कमाउन कर्मचारी मधेस जाने चलन रहेको उलेख गर्दै भने, ' आजको दिनमा भ्रष्टाचारको केन्द्र मधेस हो । सुशासनको अभियान मधेसमा केन्द्रित गरिनु पर्छ ।'

बागमतीका इन्चार्ज जनार्दन शर्माले कार्यकर्ताको आलोचना र माया दुवै भएको बताए। विगतको कतिपय गलत निर्णयका कारण उपत्यकामा पार्टी बनाउन र जनतालाई पार्टीमा जोड्न गाह्रो भएको उनले सुनाए ।

गैरकानूनी...

हजार आठ सय ४८, कर्णाली प्रदेशमा एक हजार पाँच सय ८७ र सुदुरपश्चिम प्रदेशमा एक हजार चार सय ७२ वटा उजुरी परेको आयोगले जनाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकारीहरुका अनुसार यो वा त्यो नाममा राज्यका नियमनकारी निकायलाई छल्ने वा सेटिङमा सबैलाई मिलाएर गैरकानूनी रुपमा सम्पति आर्जन गर्नेहरु देशैभर बढेका छन् । यस्तो कार्यमा राजनीतिक नेतृत्व, व्यापकारी र कर्मचारीतन्त्र अग्रसर रहेको अख्तियारकै अनुसन्धानले देखाउँछ।

भ्रष्टाचार...

पनि जनाएका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले अख्तियारले भ्रष्टाचार उपर अनुसन्धान र छानबिन गर्ने क्रममा साना प्रकृतिका कसुरदारका मात्र हेरिरहेको गूनासो आउने गरेको स्मरण गरे ।

जनताको टिप्पणी सुनेर अगाडि बढ्न आयोगलाई सुझाव दिंदै राष्ट्रपति पौडेलले भने, 'ठूला प्रकृतिका कसुरदारको पहिचान गर्न र जतिसुकै ठूला व्यक्ति भए पनि उनीहरुलाई कानूनको दायरामा ल्याउन पछि पर्नुहुन्न भन्ने आम नागरिकको मत रहेको छ ।'

राष्ट्रपति पौडेलले महालेखापरीक्षकको प्रतिवेदनमा हरेक वर्ष बेरुजु बढ्दै गएको देखिनु पनि दुःखद भएको बताए ।

'हरेक वर्ष महालेखा परीक्षकको प्रतिवेदनमा किटानका साथ सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरुपयोग सम्बन्धी विषयहरु प्रकाशित भएका हुन्छन्, यस्ता खालका विचलनलाई समयमा नै नियन्त्रण गर्न राज्य संयन्त्र सतर्क हुनुपर्छ,' उनले भने । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भ्रष्टाचारजन्य घटना छानबिन र अनुसन्धानमा आयोगलाई सरकारको पूर्ण समर्थन र सहयोग गर्ने प्रतिबद्धता जनाए। साथै, प्रधानमन्त्री प्रचण्डले भ्रष्टाचार गर्ने जोकोही व्यक्ति, कर्मचारी वा पदाधिकारीलाई छानबिन र कारवाहीको दायरामा ल्याउन सरकार प्रतिबद्ध बताए ।

'माथिल्लो तहदेखि तल्ला तहसम्म गलत कार्य गर्ने, भ्रष्टाचार गर्ने जोकोही व्यक्ति, कर्मचारी वा पदाधिकारीलाई छानबिन र कारवाहीको दायरामा ल्याउन सरकार प्रतिबद्ध छ र यस्ता कार्यमा सरकारले आयोगलाई हस्तक्षेप गर्दैन,' प्रधानमन्त्री प्रचण्डले भने ।

आयोगका अध्यक्ष प्रेमकुमार राईले देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त रहेको बताए ।

कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, बिना आधार र मापदण्ड बढुवा गर्ने, सरकारी सवार ीसाधन र इन्धनको दुरुपयोग हुने गरेको अध्यक्ष राई बताउँछन् । उनका अनुसार पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा संगठित संस्थाको नियमित लेखा परीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्ने जस्ता प्रवृत्तिले भष्टाचारलाई प्रश्रय दिइरहेको छ ।

वैदेशिक...

त्यसका लागि आगामी फागुन १५ गतेभित्र आवेदन दिन सकिने उल्लेख गर्दै मन्त्रालयले वर्किङ भिसामा विदेशमा कम्तीमा एक वर्ष काम गरी फर्किएर व्यवसाय सञ्चालन गरेको कम्तीमा एक वर्ष पूरा भएको र विगत ६ वर्षभित्र श्रम मन्त्रालयबाट प्रदान गरिएको पुरस्कार प्राप्त नगरेको हुनुपर्ने मापदण्ड रहेको छ ।

आवेदनका साथमा पुरस्कृत हुन चाहने आकांक्षीले आवेदनका साथमा नेपाली नागकिताको प्रमाणपत्र, श्रम स्वीकृति लिएको निस्सा, भिसासहितको राहदानी, आयकर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा पेश गर्नुपर्ने मन्त्रालयले उल्लेख गरेको छ ।

प्राप्त आवेदनमध्येबाट रोजगारी सिर्जना, पुँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदूषण व्यवस्थापनलगायतका आधारमा छनोट गरिने छ । प्राप्त आवेदनमध्येबाट उत्कृष्ट उद्यमीलाई सम्मान गरिने मन्त्रालयले जनाएको छ । छनोटका लागि विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा ६ सदस्यीय सिफारिस समिति गठन गरिएको छ । समितिलाई प्रत्येक प्रदेशबाट न्यूनतम एक जना नछुट्ने गरी उद्यमी छनोट गर्नुपर्ने म्याण्डेट छ । आवेदकमध्ये एक जना सर्वोत्कृष्ट उद्यमीले एक लाख ५० हजार राशिको उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र अन्य सात जनाले ७५ हजारको उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्ने मन्त्रालयद्वारा जारी सूचनामा उल्लेख छ ।

वैदेशिक रोजगारीबाट फर्केका नेपालीले विदेशमा सिकेको ज्ञान, सीप, अनुभव र पुँजीलाई सुदुपयोग गर्न स्वदेश फर्किएर उद्यम गर्ने व्यवसायीलाई सम्मान गर्न लागिएको मन्त्रालयको भनाइ छ ।

कतार...

बढाउने विषयमा सहकार्य गर्नेबारे पनि छलफल भएको बताइएको छ।

छलफलमा कफाला प्रणालीले सिर्जना गरेको समस्याको समाधान तथा विभिन्न कारणले मृत्यु भएका कामदारको शव छिट्टै नेपालसम्म पठाउन सहजीकरण गर्ने विषयमा नेपाली पक्षले साउदी पक्षको ध्यानाकर्षण गराएको छ । साउदी अरेबियाका सप्लाइ कम्पनीमा लगिएका कामदारको अकामा नबन्ने तथा उनीहरूलाई काम तथा तलब नदिने समस्या समाधानका लागि पनि आग्रह गरिएको मन्त्रालयले जनाएको छ । त्यस्तै श्रमिकहरुको गुनासो यथाशक्य छिटो सम्बोधन गर्न बैंकिङ र स्वास्थ्य सूचना प्रणालीको प्रयोग बढाउने, स्वदेशमा हुने पूर्वप्रस्थान अभिमुखीकरण र सीप तालिमलगायतका कामहरुलाई डिजिटाइजेसन गर्दै लैजानेबारे पनि छलफल भएको मन्त्रालयले जनाएको छ। आइतबार नै नेपाल र कतारबीच पनि साइडलाइन बैठक भएको छ। बैठकमा कतारी अमिर तमिम बिन हमाद अल थानीको नेपाल भ्रमणको समयमा हस्ताक्षर हुने गरी श्रम समझदारी पत्र तयार गर्ने सहमति भएको मन्त्रालयले जनाएको छ । कतारसँग सन् २००३ मा भएको द्विपक्षीय श्रम सम्झौता विस्थापित गर्दै नयाँ श्रम समझदारी गर्ने तयारी छ । कतारले पनि साउदी अरेबियाले जस्तै घरेलु कामदारका विषयमा सम्झौता गर्न चाहेको बताएको छ । यसअघिको सम्झौतालाई पुनरावलोकन गर्न दुवै देशले अनलाइनमार्फत छलफल अघि बढाउने निर्णय गरेको मन्त्रालयका प्रवक्ता राजीव पोखरेलले जानकारी दिएका छन् ।

कुवेतमा...

जनाएको छ । हप्तादिन यता सम्पर्कमा नआएपछि कम्पनी, दूतावास तथा कुवेत सबैतिर खोजीका लागि अपिल गरिएको जनाउँदै कीशुमका बाबु तिर्थराज मर्हजनले खोजी कार्यमा सहयोग गर्न कुवेतवासी सबैमा अनुरोध गरेका छन् ।

Sharada Municipality
Office of Municipal Executive
Khalanga, Salyan

Invitation for Catalogue Shopping of Vehicle

(Date of Notice Publication : 2080-10-29)

Sharada Municipality, Office of Municipal Executive, Khalanga, Salyan intends to procurethe following as listed on the table below, Under the catalogue shopping procedure as described on the public procurement act, 2063 & public Procurement Regulation 2064 including amendments All eligible manufacturer or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 15 days of date of notice publication during office hour. The manufacturers or authorized dealer must submit copy of firm registration certificate, copy of business certificate, copy of VAT & PAN registration certificate, copy of tax clearance certificate for the fiscal year 2079/080, self declaration letter and letter of manufacturer's authorization along with the application.

S.N.	Description	General specification	Quantity	Remarks
1	Supply & delivery of Back Hoe Loader	• Turbo charged water cooled diesel engine with maximum power output not less than 90 HP & maximum torque not less than 350 N-m • Multi purpose bucket capacity nominally heaped at least 0.9 Cu.m	1 unit	As per approved technical specifications
2	Supply & delivery of Back Hoe Loader Tipper Truck (Min. 7.5 Cub.m)	• Water cooled diesel engine developing maximum power output not less than 130 KW and Maximum Torque should not be less than 625 Nm. • Dump body (Cargo box) capacity of min. 7.5 cu.m With hydraulic tipping gear.	1 unit	As per approved technical specifications
3	Supply & delivery of 4WD Tractor (60 HP category)	• 4WD Tractor with engine power (60 HP category) • Hydraulic trailer of dimension notlessthan (L*B*H)10ft*6ft*24inch.	1 unit	As per approved technical specifications

- Note : Price not exceeded than estimated amount (inclusive of all taxes). Detailed specification & Estimate not included in this notice, shall be as per approved technical specifications, Which can be obtained from the office of Sharada municipality or website of https://shaaradamun.gov.np

Chief Executive Officer

Sharada Municipality
Office Of Municipal Executive
Khalanga, Salyan

Karnali Province

Invitation for Bids

First Date of Notice Publication:12-02-2024

1. The Sharada Municipality, Khalanga, Salyan invites electronic Bids from National bidders for thefollowing Project.

Contract ID	Description of works	Estimatedamount (excluding VAT) NRs.	Bid Security Amount NRs.	Bid DocumentFee NRs.
SMO/NCB/ GOODS/02/2080/2081	Procurement of ElectricPole	43,78,440.75/-	125000.00/-	3000/-

2. Eligible Suppliers may obtain further information and inspect the bidding document at the office of Sarada, Municipality, Khalanga, Salyan, Nepal, 088-520138, ito.shaaradamun@gmail.com & may visit PPMO website www.bolpatra.gov.np.
3. Bidders have only option to submit their bid electronically & may download the bidding documents for e submission from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   Name of the Bank: Nepal Bank Ltd.
   Name of Office: Sarada Municipality, Khalanga, Salyan
   Office Account No: 07403000001001000001 (Rajashwokhata) (Code GA 1.1.0.1)
4. Pre-bid meeting shall not be held.
5. Electronic bids must be submitted through e-GP system i.e. www.bopatra.gov.np/egp on or before 14-03- 2024, 12:00 PM. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-03-2024, 13:00 PM at the office of Sarada Municipality, Khalanga, Salyan.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security amounting mentioned in table above, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. [07403000003000000001] (Dharautikhata) (Code GA 3.0.0.1) at [Nepal Bank Ltd. Salyan Branch] and submit the receipt of the deposited amount of cash along with the electronic bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Electronic bids without assigning any reason, whatsoever.
10. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 and public procurement regulation, 2064(including amendment) and other prevailing rules and regulation of Nepal.

Chief Administrative officer

'मानवअधिकार संरक्षण एवम् सम्वर्द्धनमा नेपाल प्रहरी प्रतिबद्ध'

काठमाडौं/मस-राज्यको कानून कार्यान्वयन गर्ने मुख्य निकायको रूपमा रहेको नेपाल प्रहरीले नागरिकका संविधान प्रदत्त मौलिक हक, प्रचलनमा रहेका राष्ट्रिय कानूनमा व्यवस्था भएका अधिकार तथा नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूद्वारा सुनिश्चित मानवअधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि सांगठनिक प्राथमिकताको रूपमा अंगिकार गर्दै आएको छ । सोही अनुरूप मानवअधिकार संरक्षण र संवर्द्धनमा नेपाल प्रहरी विगत देखिनै प्रतिवद्ध रही सक्रिय र प्रभावकारी रूपमा काम गर्दै आएको छ ।

नेपाल प्रहरीले कर्मचारीको बोली, व्यवहारमा नम्रता र नागरि कसँग सम्बन्ध सुधारमा ध्यान दिएको छ । यसका लागि मानवअधिकारको संरक्षण र प्रवर्द्धन सम्बन्धी प्रशिक्षक/प्रशिक्षण तालिम, प्रहरी कारवाही तथा मानव अधिकार तालिम, नागरिकमैत्री प्रहरी सेवा तथा मानवअधिकार विशेष तालिम, अधिकार संरक्षण र प्रवर्द्धनमा नेपाल प्रहरी लगायतका तालिम तथा अनुशिक्षण आयोजना गरी सम्बन्धित कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गर्दै आएको छ ।

चालु आर्थिक वर्षको साउनदेखि पुससम्म ६ महिनाको अवधिमा मानवअधिकार सम्बन्धी २ सय ५७ वटा तालिम सञ्चालन गरिएका छन्। ती तालिममा २८ हजार ९० जना प्रहरी कर्मचारीहरू सहभागी थिए । यसैगरी सो अवधिमा मानवअधिकार सम्बन्धी १३ हजार ९६४ वटा अनुशिक्षण सञ्चालन गरिएका छन्। ती अनुशिक्षणमा ७२ हजार ४०२ जना प्रहरी कर्मचारीहरू सहभागी थिए । सो अवधिमा मानवअधिकार सम्बन्धी जनस्तरमा १ सय ६ वटा जनचेतनामूलक कार्यक्रम संचालन गरिएका छन् । ती कार्यक्रममा ३ हजार ८८२ जना सहभागी थिए। साथै हालसम्म ८ सय ३ वटा जनचेतनामूलक कार्यक्रम गरिएको छ । यसबाट २९ हजार ३२३ जना सर्वसाधरण लाभान्वित भएका छन्।

नेपाल प्रहरीले मानवअधिकार सम्बन्धी छुट्टै रणनीतिक योजना बनाई कार्यान्वयन गर्दै आएको छ । तालिम, अनुशिक्षण र चेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । प्रहरी कार्यालय तथा प्रहरी कर्मचारीहरूबाट मानवअधिकार उल्लंघन भए नभएको भन्नेबारे अनुगमन हुने गरेको छ । यसबारे नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्, ' मानवअधिकार सम्बन्धी शिक्षा दिन प्रहरी कर्मचारीलाई भिड नियन्त्रण, अपराध अनुसन्धान तथा नियन्त्रण र बल प्रयोगको सिद्धान्त तथा हतियार प्रयोग सम्बन्धी लगायतका तालिममा समेत मानवअधिकार सम्बन्धी विषय समावेश गर्नुका साथै यस सम्बन्धी छुट्टै तालिम तथा अनुशिक्षण समेत दिएका छौं। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र संविधानले ग्यारेन्टी गरेको मानवअधिकार संरक्षणमा नेपाल प्रहरी प्रतिवद्ध छ ।' कानूनी शासनलाई आत्मसाथ गर्दै राज्यद्वारा प्रदत्त कानूनी अधिकारहरू र सांगठानिक ऐन, नियम र निर्देशिकाको प्रयोग गरी मानवअधिकार संरक्षण र संवर्द्धन गर्न नेपाल प्रहरीका विभिन्न संरचनागत व्यवस्था क्रियाशील रहेको उनको भनाइ छ ।

नेपाल प्रहरीले मानवअधिकार संरक्षणमा टेवा पुऱ्याउन मानवअधिकार सम्बन्धी पाठ्यक्रम समेत निर्माण गरेको छ। मानवअधिकार स्थायी आदेश जारी गरेको छ । साथै प्रहरी द्वैमासिक मानवअधिकार विशेषाङ्क २०६२, मानवअधिकार प्रशिक्षण पुस्तिका समेत प्रकाशन गरिएको छ । यस कार्यले मानवअधिकार सम्बन्धी कानूनहरू, निर्देशनहरू, अन्तर्राष्ट्रिय मापदण्डको बारेमा प्रहरी अधिकृत तथा जवानहरूलाई ज्ञान प्राप्त गर्न मदत गरेको छ ।

मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपाल प्रहरी प्रधान कार्यालयमा छुट्टै मानवअधिकार उल्लंघन अनुगमन इकाई रहेको छ। इकाईले गरेका कामबारे इकाई प्रमुख प्रहरी उपरीक्षक अपिल राज बोहरा भन्छन्, 'संविधान, प्रचलित राष्ट्रिय कानून तथा नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा व्यवस्था भएका मानवअधिकारको संरक्षण र संवर्द्धन गरी काम गर्न यस इकाई क्रियाशील रहेको छ । मानवअधिकार उल्लंघन घटनाबाट पीडित व्यक्तिले जुनसुकै माध्यमबाट उजुरी गर्न सक्ने, प्राप्त उजुरी उपर छानबिन गर्ने/गर्न लगाउने गरिएको छ ।'

मानव अधिकारको विषयमा शून्य सहनशिलताको नीति अवलम्बन गरी प्रत्येक प्रहरी कार्यालयहरूमा गुनासो सुन्ने अधिकारी साथै टेलिफोन, इमेल, वेवसाइट, सामाजिक सञ्जाल लगायत जुनसुकै माध्यमबाट गुनासो गर्न सक्ने व्यवस्था छ । चालु आर्थिक वर्षमा परेका ३४ गुनासोमध्ये २० फछ्यौट भइ १४ अनुसन्धानरत रहेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग तथा अन्य संवैधानिक आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय र अदालतबाट प्राप्त सिफारिस, निर्णय तथा आदेशको कार्यान्वयन गर्ने गरिएको छ । नेपाल प्रहरीमा रहेका सबै मुद्धा चल्ने युनिटमा हिरासत व्यवस्थापन अधिकृतको व्यवस्था गरिएको छ । कानुन कार्यान्वयनको क्रममा मानवअधिकारको हनन् नहोस् भन्ने नेपाल प्रहरीको अभिप्राय छ । यसप्रति सचेत हुँदै राष्ट्रिय मानवअधिकार आयोग लगायत अन्य संघसंस्थासँग समन्वय गरी काम गरिएको छ । नेपाल प्रहरीको मानवअधिकारप्रतिको नीतिबाट आमनागरिकले न्यायको अनुभव गरेका छन् । यसबाट अपराध रोकथाम, क्षमता अभिवृद्धि, शान्ति सुरक्षा, अपराध अनुसन्धान आदि विषयमा सहयोग पुग्नुको साथै मानवअधिकार संरक्षण र प्रवर्द्धनमा राज्यले अख्तियार गरेको नीति कार्यान्वयनमा महत्वपूर्ण टेवा पुग्ने अपेक्षा गर्न सकिन्छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय झापा
कोशी प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

(प्रकाशित मितिः २०८०/१०/२५)

यस कार्यालयबाट मिति २०८०/०९/१३ गते प्रकाशित वोलपत्र आवह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका वोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा सफल भएका तपशिल बोमोजिमका वोलपत्रहरुको आर्थिक प्रस्ताव मिति २०८०/११/०८ गते दिनको ठिक १:०० बजे पूर्वाधार विकास कार्यालय, झापामा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१ज को उपनियम (छ) र (ट) को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

सि.नं	कामको विवरण/ठेक्का नंबर	प्राविधिक प्रस्ताव सफल भएका वोलपत्रदाताहरु
1	Overlay and Maintenance of Charpane Narayan Chowk Road (Contract no: IDO-JHP/W/NCB/MR -06/080-81)	M/S Udeshya Nirman Sewa ,Mechinagar,Jhapa
		M/S Purwanchal Construction-Dixil Nirman JV,Bhadrapur,Jhapa
		M/S Satashi Nirman Sewa Pvt. Ltd ,Shivasatakshi,Jhapa
		M/S Devi Dada-Alex-Parbati Ambika JV,Kankai,Jhapa

युएई र साउदीमा रोजगार | कम्पनीः BASATIN LANDSCAPING SOLE PROPRIETORSHIP LLC शहरः Abudhabi

पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७७६ LT. No.: 299866

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Agriculture Worker	27	0	सम्बन्धित काममा दक्ष	800	२८,८७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Horticulturists	22	0		1200	४३,३०८							
3.	Skilled Forester	47	0		1200	४३,३०८							
4.	Tile Layer	54	0		1200	४३,३०८							

यसै कम्पनीको लागि Irrigration Technician, Palm Technician, Landscape Technician, Turf Technician, Team Leader को पनि माग भएकोले निःशुल्क परामर्सको लागि सम्पर्क गर्नुहोला ।

२. कम्पनीः AL MAJAL SERVICE MASTER COMPANY शहरः Saudi Arabia, Jeddah

पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७७७ LT. No.: 299903

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Driver	31	0	सम्बन्धित काममा दक्ष	1800	६३,६३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Office And Facilities Cleaning Worker	2	0		1000	३५,३५०							
3.	Waiter	9	0		1200	४२,४२०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ७ गते (19 February 2024) मा हुनेछ ।

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टवाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रु. २००२/- कामदारले तिर्ने	रोजगारदाताले व्यहोले	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	शर्तहरु हे. १०,०००/- शुल्क नि:शुल्क

वैदेशिक रोजगार विभागबाट मरराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने विश्वित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कमैलाई बढिहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमास्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Nepal Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

FREE VISA, FREE TICKET मा UAE मा रोजगार

कम्पनी : LARSEN AND TORBO LIMITED ECC CONSTRUCTION GROUP शहर : UAE, Dubai

पूर्व स्वीकृत मितिः २०८०/१०/२४ चलानी नं.: ६०२१४७७२ LT. No.: 299601

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook Helper	3	0	सम्बन्धित काममा दक्ष	800	२८,८७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Electrician Assistant/helper	8	0		800	२८,८७२							
3.	Plumber Assistant	2	0		800	२८,८७२							
4.	Reinforcing Fitter Assistant	30	0		800	२८,८७२							

अन्तर्वार्ता शिभम ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा २०८० फागुन ८ गते (20 February 2024) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन १० गते (22 February 2024) मा हुनेछ ।

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टवाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोले	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

वैदेशिक रोजगार विभागबाट मरराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने विश्वित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कमैलाई बढिहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमास्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
प्रस इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्वन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/२५

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्र भित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

सि. नं.	बोलपत्र नं.	बोलपत्रको नाम	ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) ढुङ्गा	गिट्टी	बालुवा	न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.)	धरौटी रकम (रू.)	बोलपत्र दस्तुर (रू.)
१	07/BELAKA/ REVENUE/ NCB/GO/ 2080-081	पथ्रा खोला (वडा नं. २) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन्		५५७८.६५	१३०१६.८५	४१३७७९६.२८	कबोल अंकको ५ प्रतिशत	३०००.००
२.	08/BELAKA/ REVENUE/ NCB/GO/ 2080-081	कोसोपा खोला (वडा नं. ८) र कोठु खोला (वडा नं. ८) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन्	२००००.००	४०००.००		५९३३७६०.००	कबोल अंकको ५ प्रतिशत	३०००.००

शर्तहरुः

१. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सार्वजनिक बिदा भए कार्यालय खुलेको दिन) १२.०० बजे सम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवश्था गरिएको छ ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।

३. बोलपत्र फारामसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na.Pa– Dharauti Khata Ga–3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ ।

४. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ ।

५. कार्यालयले तोकेको बाकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ माघ २०८०, सोमबार
12 February 2024, Monday

सम्पादकीय

प्रतिबद्धताले मात्रै नपुग्ने सुधार

सरकारको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले सशस्त्र विद्रोह सुरू गरेको १ फागुनकै दिन पारेर विधान महाधिवेशन गर्दैछ । त्यसैको तयारी अन्तर्गत चरणबद्ध बैठकहरू चलिरहेको छ । शुक्रबार र शनिबार स्थायी कमिटी बैठक राखेको माओवादीले आइतबार केन्द्रीय कमिटी बैठक राख्यो । यो बैठकले विधान महाधिवेशनमा प्रस्तुत हुने विधानको मस्यौदादेखि पार्टीको भविष्य केन्द्रीत अरू एजेण्डाहरूमाथि समेत छलफल गरेको छ । विशेषगरी माओवादीको चिन्ता गत वर्ष मंसिरमा सम्पन्न चुनावको नतिजालाई लिएर देखिन्छ । लगातार जनमत घटिरहेको माओवादीले गत वर्षको चुनावमा नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग लगभग हाराहारीको मत ल्यायो । यद्यपि सरकारको नेतृत्व माओवादीले नै गरिरहेको छ ।

तर ०७० र ०७४ सालको चुनावी नतिजा भन्दा ओरालो लागेको जनमत यतिकै सुधार नहुनेमा माओवादी नेतृत्वको स्वीकारोक्ति देखिन्छ । ०६४ सालको चुनावमा ३२ लाख पार्टी मत ल्याएर पहिलो शक्ति बनेको माओवादीले ०७० सालमा १६ लाख मतमा खुम्चिदै तेस्रो शक्ति बनेको थियो । ०७४ सालमा १३ लाख मत ल्याएको माओवादीले गत वर्ष साढे ११ लाख हाराहारी मत ल्यायो । त्यसैले माओवादी नेतृत्वले पार्टीमा पुनजार्गरण ल्याउन भनेर एक वर्षदेखि नै समुदायसँग जोडिने अभियान सञ्चालन गर्दै आएको छ । उक्त अभियानको समीक्षा समेत यो केन्द्रीय कमिटी बैठकमा भएको छ भने विधान महाधिवेशनमा थप छलफल हुनेछ । पार्टीमा रूपान्तरण आउँदा अब माओवादी केन्द्र आगामी चुनावबाट पहिलो शक्ति बन्ने नेताहरूले योजना समेत प्रस्तुत गरेको छ ।

तर चिन्ताले मात्रै माओवादीको घट्दो आकर्षण बढ्ने छैन । त्यसका निम्ति जनताले विश्वास गर्न सक्ने आधार प्रस्तुत गर्नुपर्नेछ । १० वर्षे सशस्त्र विद्रोहबाट शान्तिपूर्ण संसदीय राजनीतिमा आउँदा गरेका गल्तीहरू सच्याउने तत्परता देखाउँदा फेरि माओवादीप्रति जनताको आकर्षण देखिन सक्छ । तर प्रतिवेदनमा मात्रै समेटिने प्रतिबद्धताले नागरिकमा विश्वास जाग्न सक्दैन । त्यसका निम्ति माओवादीको आधारभूत शैलीमा सुधार आउनुपर्नेछ । थालनि अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नै गर्नुपर्नेछ । साढे तीन दशकदेखि नेतृत्वमा रहेका प्रचण्डले गर्ने प्रतिबद्धताबाट मात्रै नागरिकमा विश्वास जाग्दैन । त्यसका निम्ति ठोस् निर्णय लिन जरूरी छ । तर त्यो ठोस् निर्णय कस्तो हुनेछ भन्ने पहिचान गर्न सक्नु माओवादीको सवैभन्दा ठूलो चुनौती हो ।

भ्रष्टाचार नियन्त्रणको सवाल

अग्रलेख

● प्रेमकुमार राई

ट्रान्सपरेन्सी इन्टरनेशनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकांकमा गत वर्षभन्दा एक अंक बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अंक प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अंक ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो स्थापनाकालदेखि नै प्राप्त गुनासो र उजुरीउपर अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने आफ्नो प्रमुख संवैधानिक जिम्मेवारी निर्वाह गर्दै राष्ट्रको आर्थिक र सामाजिक विकासमा निरन्तर योगदान पुऱ्याउँदै आइरहेको छ । यसका बावजुद पनि देशमा सुशासनको अवस्थामा अपेक्षित सुधार हुन नसकेको गुनासो जनताको तहमा व्याप्त छ । भ्रष्टाचारविरुद्धको लडाईं आयोग एक्लैको मात्र होइन, यो एक बहुआयामिक विषय भएको हुँदा यसका लागि सामूहिक प्रयासको खाँचो छ । सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको अभियन्ता बन्न सक्नुपर्दछ ।

संघीयता कार्यान्वयनपश्चात् हालसम्मको अवधिमा तीनै तहका सरकारमा हुने विकास निर्माण, बजेट विनियोजन, अनुदान वितरण, सेवा प्रवाहजस्ता कार्यमा सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, घुस/रिसवत लेनदेन गर्ने, गैरकानुनी लाभ लिने बदनियत राखेर काम गर्ने र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उल्लेख्य संख्यामा उजुरीहरू आयोगमा पर्ने गरेका छन् । सार्वजनिक खरिद तथा निर्माणको सन्दर्भमा प्रतिस्पर्धा सीमित गर्ने, बिना प्रतिस्पर्धा सोझै खरिद गर्ने, आयोजनामा पूर्व सम्भाव्यता अध्ययन, आवश्यकता र औचित्यताको पहिचान नगरी बजेट विनियोजन गर्ने, खरिद योजनाबिना नै खरिद कार्य गर्ने प्रवृत्ति रहेको छ ।

त्यसैगरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबण्डा रकम राखी आर्थिक वर्षको बिचमा बाँडफाँट गर्ने, मिलेमतोमा आयोजना छनोट गर्ने, कार्यक्रम सञ्चालन नगरी भुक्तानी लिने/दिने, प्राकृतिक स्रोतसाधनको उपयोगमा मापदण्डको पालना नगरी दररेट तोक्ने, वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षणमा निर्दिष्ट परिमाणभन्दा बढी अनियन्त्रित उत्खनन तथा दोहन गर्ने, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पशुपन्छीलगायतका विषयगत क्षेत्रमा अनुदानको दुरुपयोग गर्ने, नियम, कानुन, कार्यविधि, मापदण्ड र नागरिक बडापत्रको पालना नगर्ने, सेवा प्रवाहमा बिचौलियाहरू प्रवेश गराई, सेवा अवरुद्ध गराई मिलेमतोमा अनियमितता गर्ने, आफूलाई तोकिएको कार्य समयमै पूरा नगर्ने, जिम्मेवारी र जवाफदेहिता नलिने, निर्णय नगरी थन्काएर राख्ने जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

यसैगरी, कर्मचारी नियुक्तिमा मिलेमतो गर्ने, बिना आधार र मापदण्ड बढुवा गर्ने, सरकारी सवारीसाधन र इन्धनको दुरुपयोग गर्ने, पूर्ण वा आंशिक स्वामित्व भएका निकाय वा संगठित संस्थाको नियमित लेखा परीक्षण नगराउने, असुलउपर र नियमित गर्नुपर्नेमा आलटाल गर्ने जस्ता प्रवृत्तिहरू समेत आयोगमा पर्ने उजुरीहरूबाट देखिएको छ । आयोगमा प्राप्त भूमि र जग्गासम्बन्धी उजुरीको छानबिन गर्दा निश्चित व्यक्ति र समूहलाई फाइदा हुने गरी कौडीको भाउमा सार्वजनिक, सरकारी र वन क्षेत्रको जग्गा ८९ वर्षसम्म व्यापारिक प्रयोजनका लागि लिजमा दिएको, हदबन्दीभन्दा बढी जग्गा जफत गर्नुपर्ने कानुनी व्यवस्था लामो समयसम्म कार्यान्वयनमा नआएको, सार्वजनिक, सरकारी, गुठी र वन क्षेत्रको जग्गा विभिन्न व्यक्ति, क्लब र स्वार्थ समूहले अतिक्रमण र कब्जा गरी निजी प्रयोजनका लागि उपयोग गरेकोमा जिम्मेवार निकायबाट अतिक्रमण रोक्ने कार्यमा अति उदासीनता देखाइएकोको छ । यसले सार्वजनिक र सरकारी सम्पत्ति संरक्षण हुन नसकेको, विद्यालय र स्थानीय तहहरूले आफूखुसी गैरकानुनी तवरले सरकारी, सार्वजनिक जग्गा निजी प्रयोजनमा विक्री गर्ने प्रवृत्ति बढेको र सरकारी जग्गा गैर-कानुनी रूपमा व्यक्तिका नाममा दाखिल खारेज भएकोमा सो जग्गाको दुष्कृति सच्याउने काम हुन नसकेकोले सम्बद्ध जिम्मेवार निकाय र पदाधिकारी सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने कानुनी दायित्व निर्वाह गर्ने कार्यमा थप जिम्मेवार बन्नुपर्ने देखिएको छ ।

सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउने नाममा नीति, कानुन, संरचना, जनशक्तिलगायतका आधारभूत पूर्वाधारसमेत तयार नगरी प्रतिस्पर्धा सीमित गरी सूचना प्रविधि र उपकरण खरिद गर्दा ठुलो लगानीको दुरुपयोग भएको भनी आयोगमा उजुरीहरू आइरहेका छन् । निर्मित पूर्वाधार तथा भौतिक संरचनाको समयोचित उपयोग, यस्ता पूर्वाधार निर्माणमा गुणस्तरको प्रत्याभूतिलगायतका विषयहरूको छानबिनको दायरालाई विस्तार गरी आफ्नो काम कारबाहीलाई अझ सक्रिय बनाउन आयोग गम्भीरतापूर्वक अघि बढिरहेको छ । आयोगमा प्राप्त उजुरीको छानबिन गर्दा सम्बन्धित मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्बाट नियुक्त हुने सार्वजनिक संस्थाका केही पदाधिकारी विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएका, अन्तिम अदालतबाट कसुरदार ठहरिई फरार सूचीमा रहेका, कानुन र मापदण्डबमोजिम तोकिएको योग्यता र अनुभव नभएका, किर्ते गरी अनुभवको प्रमाण पेश गरेका, सार्वजनिक छवि कमजोर भएका व्यक्तिलाई छनैट गरी नियुक्ति दिएको पाइएको छ । कतिपय सार्वजनिक निकायमा निश्चित व्यक्तिलाई नियुक्ति दिनकै लागि व्यक्ति लक्षित गरी प्रतिस्पर्धा सीमित हुने गरी नियुक्ति सम्बन्धी मापदण्ड र कार्यविधि संशोधन गर्ने प्रवृत्ति पनि बढ्दो क्रममा देखिएको छ ।

मुलुकको आर्थिक समृद्धि र स्थायित्वका लागि अझ बढी काम गर्नुपर्नेमा बिना आधार, कारण भन्सार र राजस्वमा छुट दिने, राजस्व चुहावट गर्ने, चोरी निकासी पैठारी गर्ने, न्यून विजकीकरण गरी राजस्व छली गर्ने जस्ता क्रियाकलापहरू नियन्त्रण गर्ने जिम्मेवारी लिएका निकाय र पदाधिकारीले नै आफ्नो कर्तव्य निर्वाह गर्न चुकेको अवस्था छ । तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारी बिना ठेक्का लगाइएका कतिपय महत्वपूर्ण आयोजना तोकिएको समय र गुणस्तरमा सम्पन्न नहुने, आयोजना अलपत्र पर्ने तथा लागत र समय बढ्ने गरेको अवस्थामा समेत जिम्मेवार पदाधिकारी मुकदर्शक भएर बस्ने गरेको देखिन्छ ।

आवश्यकताको पहिचान बिना, लाभ-लागत विश्लेषण नगरी, सञ्चालन योजनासमेत नबनाई अनावश्यक रूपमा संरचना निर्माण गर्ने, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ, मालसामान, सवारीसाधन, यन्त्र उपकरणलगायत खरिद गर्ने, यस्ता वस्तुहरू प्रयोगविहीन अवस्थामा राख्ने र पुनः नयाँ खरिद तिर लाग्ने कार्य गर्दा यसबाट राज्य कोषमाथि अनावश्यक आर्थिक व्ययभार थपिने र स्रोतको दुरुपयोग समेत हुने गर्दछ । त्यसैले निर्माण र खरिद गर्नुपूर्व संरचना र उपकरणको सञ्चालन र उपयोगको सुनिश्चित हुने गरी सञ्चालन योजना तयार गरेर मात्र खरिद कार्य गर्न सम्बद्ध सरकारी निकायहरूले ध्यान दिन जरुरी छ । आयोजनाको विस्तृत अध्ययन गरी/गराई आर्थिक तथा वित्तीय, प्राविधिक र वातावरणीय दृष्टिले उपयुक्त देखिएका र कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र आयोजना बैंकमा प्रविष्टि गर्ने, आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट आयोजनामा मात्र बजेट बिनियोजन गर्ने, मध्यमकालीन खर्च संरचना र बजेटको तालमेल मिलाउने तथा तोकिएका कानुन, कार्यविधि र मापदण्डको पालना गर्ने विषयमा तीनै तहका सरकारहरू अझ गम्भीर हुनुपर्ने देखिएको छ ।

उजुरीमा ठेक्का व्यवस्थापनको विषय छानबिन गर्दा पुष्टयाइँ बिना ठेक्काको म्याद थप गर्ने, सम्झौताबमोजिम गर्नुपर्ने पत्राचार समयमा नगर्ने, निर्णयमा ढिलाई गर्ने, कामको स्थलगत प्रगति अभिलेख र प्रतिवेदन नगर्ने, निर्माण व्यवसायीलाई समय-समयमा दिनुपर्ने निर्देशन नदिने, परामर्शदाता वा निर्माण व्यवसायीको कारण आयोजनामा हुने ढिलाइको अभिलेख उपयुक्त तरिकाले नराख्ने जस्ता कमजोरीका कारण ठेकेदारको तर्फबाट क्षतिपूर्तिको लागि दाबी पेश गर्दा राज्यले ठूलो नोक्सानी व्यहोरिरहेको देखिएको छ । ठेक्का व्यवस्थापनलाई प्रभावकारी बनाई राज्यलाई क्षति हुने अवस्था आउन नदिन सम्बन्धित सार्वजनिक निकायको प्रमुख, आयोजना प्रमुख, ठेकेदार र परामर्शदातालाई कानूनबमोजिम जिम्मेवार बनाउनुपर्ने हुन्छ । बहुवर्षीय आयोजनामा न्यून बजेट विनियोजन गर्ने र न्यूनतम् मापदण्ड नै नपुगेका आयोजनामा जथाभावी स्रोत सुनिश्चितता प्रदान गर्ने प्रवृत्तिले तीनै तहका सरकारहरूमा असीमित बजेटरी दायित्व सिर्जना भएको, अबण्डामा बजेट राखी बिना आधार कारण अनुत्पादक क्षेत्रमा खर्च गर्ने लगायतका विकृतिहरूका कारण समग्र वित्तीय सुशासन कमजोर भएको छ ।

तीनै तहका सरकारबाट कानुनबमोजिम मन्त्रालय, विभाग, सचिवालय र विभिन्न प्रशासनिक तहबाटै निर्णय हुनुपर्ने प्रशासनिक कार्यहरूलाई समेत नीतिगत विषय भनी मन्त्रिपरिषद्बाट निर्णय गराउने विषयमा आयोगले धेरै पटक सम्बन्धित सरोकार निकायलाई सुझाव दिइसकेको छ । कानुनले जुन निकाय वा पदाधिकारीबाट निर्णय हुनुपर्ने व्यवस्था गरेको छ, सोही निकाय वा पदाधिकारीबाट नै उक्त निर्णयहरू हुने व्यवस्था मिलाउने सन्दर्भमा तीनै तहका सरकारले सुझबुझका साथ उपयुक्त नीति, विधि र पद्दतिको अवलम्बन गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण र सदाचार संस्कृति प्रवर्द्धनका लागि आयोगले उपचारात्मक रणनीतिका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिसमेत अवलम्बन गरेको छ । आयोगले तीनै तहका सरकार, नागरिक समाज, नागरिक निगरानी संस्था, विद्यालय र सञ्चार जगतसँगको सहकार्यमा भ्रष्टाचारविरुद्धको सचेतना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

नेपाल भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको पक्ष राष्ट्र रहेको छ । यससम्बन्धी राष्ट्रिय रणनीति र कार्ययोजना एवम् सम्पत्ति शुद्धीकरण तथा आतंकवादविरुद्धको वित्तीय लगानी निवारण सम्बन्धी रणनीति र कार्ययोजना कार्यान्वयनमा समेत रहेका छन् । पारस्परिक कानुनी सहायता ऐन र सपुर्दगी ऐन जस्ता कानुन कार्यान्वयन भएपनि सम्बन्धित देशहरूसँग द्वीपक्षीय संझौता हुन नसक्दा मुलुकबाहिर हुने भ्रष्टाचारजन्य लेनदेनका विषयमा पारस्परिक कानुनी सहायतामार्फत आवश्यक तथ्य र सूचना संकलन गर्न समस्या देखिएकोले यथाशीघ्र आवश्यक मुलुकहरूसँग द्वीपक्षीय संझौता गर्नुपर्ने देखिएको छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिका प्रावधान र संघीयतासमेतको सन्दर्भ समेटिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनको संशोधन विधेयक लामो समयदेखि संसदमा विचाराधीन रहेकोमा उक्त विधेयकहरू यथाशीघ्र पारित हुन आवश्यक छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनलको हालै प्रकाशित भ्रष्टाचार अनुभूति सूचकाङ्कमा गतवर्षभन्दा एक अंक बढेर नेपालको अवस्थामा सामान्य सुधार भएको छ । ५० भन्दा कम अंक प्राप्त गर्ने मुलुक भ्रष्टाचारको उच्च जोखिमयुक्त मुलुकमा गणना हुनेमा नेपालको अंक ३५ मात्र हुनुले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा नेपालले अझै निकै संघर्ष गर्नुपर्ने देखिएको छ । तीनै तहका सरकारमा कार्यकारी भूमिकामा रहने राजनैतिक पदाधिकारी, राष्ट्रसेवक कर्मचारी र आम नागरिकमा यसप्रतिको दायित्वबोध नहुन्जेल भ्रष्टाचार नियन्त्रणमा आशातीत सफलता हासिल गर्न सकिने छैन ।

(अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त राईले आयोगको ३३ औं स्थापना दिवसको अवसरमा आयोजित समारोहमा व्यक्त गरेको मन्तव्यको सम्पादित अंश ।)

सामाजिक सञ्जाल

- सेतेमान तामाङ

नेपाल प्रकरण नै प्रकरणले भरिपूर्ण छ । गैंडा तस्करी काण्ड, सहकारी लुट काण्ड, बालुवाटार काण्ड, गिरीबन्धु काण्ड, टिकापूर काण्ड, बाँसबारी जग्गा काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, सुन काण्ड आदि इत्यादि त एउटा दृश्य मात्रै हुन् । अदृश्य रूपमा रहेका प्रकरणको गन्ती नै हुँदैन ।

- मुमाराम खनाल

'मेरिटोक्रेसी'को आधारमा विश्वविद्यालयको नेतृत्व छान्छु भन्ने पुष्पकमल दाहालको ढोंग, झुट र पाखण्डलाई समेत धेरै बौद्धिकहरूले अनावश्यकरूपमा बढी गम्भीरतापूर्वक लिए । जुन कुरा झुटो साबित हुन हप्ता दिन पनि लागेन । ज्ञानका दुश्मनले कहिल्यै विश्वविद्यालय सुधार्दैन । सबै छाडि पुच्छर अगाडि ।

- उमेश मैनाली

नेपाल अचम्मको देश हुँदैछ । पूर्वप्रधानमन्त्रीहरू मुख्य सचिवलाई दोष लगाउँदै मन्त्रिपरिषद्को निर्णयको जवाफदेहिता लिँदैनन्, मन्त्री र पूर्वमन्त्रीहरू आफूले गरेको निर्णयको दोष कर्मचारीहरूलाई थोपर्दै आफू अनभिज्ञ भएको भन्दछन् । देशको शासन मुख्यसचिव र सचिवले गर्ने भए यिनीहरूको के काम ?

- टेक नारायण दयालु

दल लगे, चुनाव चिन्ह लगे, पोष्टर टाँस्न दिएनन्, ऱ्याली गर्न दिएनन्, मुख्य नेतालाई जेल हाले, सेनाले फर्जी मत खसाए तर पनि इमरान खान पक्षीय स्वतन्त्र उम्मेदवारहरूले लाखौं मतको फरकले सरकारी सेनाका उम्मेदवारलाई हराइरहे । यसैले जनतालाई जगाउन सक्नु पर्छ । जनताका मुद्दा बोक्नुपर्छ ।

भ्रष्टाचारको स्रोत र समाधान

विचार

● शम्भू कट्टेल

भ्रष्टाचार गर्न नसक्नेलाई सिल्ली सोच्ने परिवेश, ठूला भनिएकाहरू भ्रष्टाचारमा लिप्त देखिनु, संविधान ऐन कानूनहरूले भ्रष्टाचार गर्न सम्भव पार्नु, भ्रष्टाचार गर्ने मौका जुट्नु र भ्रष्टाचार मात्रै उसको आवश्यकता टार्ने बाटो हुनु जस्ता पक्षहरूले भ्रष्टाचार बढ्छ । यसको उपचार यी सबै पक्षहरूको सम्बोधनमा छ ।

धेरैजसो मानिसहरू भ्रष्टाचार भनेको मानवीय लोभले सिर्जना गर्ने प्रवृत्ति भएकोले सो लोभ नहटेसम्म भ्रष्टाचार हट्दैन भन्ने सोंच्दछन् । यो सोंचाइ गलत नभए पनि पूर्ण भने छैन किनकि यसले लोभको स्रोत र निराकरण बताउँदैन । झलक्क हेर्दा, भ्रष्टाचारको स्रोत लोभ भन्ने देखिए पनि त्यो लोभ नै किन जन्मिन्छ भन्ने खोतल्नु पर्ने हुन्छ । लोभ अन्तरमनको दानवी प्रवृत्ति हो र सो दानवी प्रवृत्ति पनि सामाजिक परिवेशको उपज हुन्छ । त्यो सामाजिक परिवेश व्यक्तिले पाएको शिक्षा, संगत, र उसले भ्रष्टाचार गर्न पाएको मौकामा भरपर्छ ।

भ्रष्टाचार गर्न नसक्नेलाई सिल्ली सोंच्ने परिवेश, ठूला भनिएकाहरू भ्रष्टाचारमा लिप्त देखिनु, संविधान ऐन कानूनहरूले भ्रष्टाचार गर्न सम्भव पार्नु, भ्रष्टाचार गर्ने मौका जुट्नु र भ्रष्टाचार मात्रै उसको आवश्यकता टार्ने बाटो हुनु जस्ता पक्षहरूले भ्रष्टाचार बढ्छ । यसको उपचार यी सबै पक्षहरूको सम्बोधनमा छ । अकूत निजी सम्पत्ति जोडेर समाजमा पराक्रमी र पुरुषार्थी देखिने परिवेशले पनि भ्रष्टाचार बढ्ने स्वतः सिद्ध छ ।

उपरोक्त पक्षहरूको स्थायी निराकरणको लागि नयाँ आर्थिक-राजनीतिक संरचना वा व्यवस्था आवश्यक हुने भए पनि अस्थायीरूपमा तुलनात्मकरूपले कम लोभी व्यक्तिहरूको चयन, भ्रष्टाचारको विरोधमा कडा नियमकानून र कार्यान्वयन र नैतिक शिक्षाहरू र जीवनका न्यूनतम आवश्यकताहरू समाजले पूरा गर्ने अवस्था भएमा भ्रष्टाचार केही घट्ने सम्भावना देखिन्छ । यसको लागि पनि सही राजनीतिक नेतृत्व आवश्यक हुने कुरा टी.आई. को सुझावले देखाएको छ ।

भ्रष्टाचारविरुद्ध काम गर्ने संस्था ट्रान्परेन्सी इन्टरनेशनलको अध्ययनले यस वर्ष पनि नेपाललाई अत्यधिक भ्रष्टाचार हुने देशहरूको ताँतीमा राखेको छ । सँगै उसले भ्रष्टाचार घटाउनका लागि उसले केही सुझाव पनि दिएको छ । जसलाई यहाँ उल्लेख गरिएको छ ।

- राजनीतिज्ञहरूमाथिको भ्रष्टाचार मुद्दामा निष्पक्ष फैसला वा कारबाही हुनुपर्ने,
- सार्वजनिक पद धारण गरेकाहरूको सम्पत्ति जाँचको नीति कार्यान्वयन हुनुपर्ने,
-मन्त्रिपरिषद्को निर्णयको कवचबाट हुने भ्रष्टाचारमा छानबिन गर्न नपाइने व्यवस्थाको अन्त्य हुनुपर्ने

सो रिपोर्टमा यसको उपचार राजनीतिक नेतृत्वको इच्छाशक्तिमा छ भनिएको छ । उपरोक्त तीनवटै विषयहरूले भ्रष्टाचार सरकार स्वयम्ले पालेको अर्थात् राजनीतिक नेतृत्वले वा उसले बनाएको सरकारले योजनाबद्धरूपले भ्रष्टाचार गर्ने ठाउँ राखेको सिद्ध हुन्छ र यसको हल गर्न राजनीतिक नेतृत्वको परिवर्तन जरुरी देखिन्छ । र, सो परिवर्तन पनि बिशाल जनदबावबाट मात्र सम्भव हुन्छ । यस्तो भट्टीमा खारिएको व्यक्तिहरू अरुभन्दा कम लोभी हुने सम्भावना हुने भएकोले त्यस्ताहरूको सरकार अरुभन्दा कम भ्रष्टाचारमा डुब्ने आशा गर्न सकिन्छ । उपरोक्त पक्षहरू सबैको धेरथोर उत्तिकै हात भए पनि भ्रष्टाचार गर्नै नपर्ने परिवेश निर्माण गर्नु सबैभन्दा दिगो समाधान हुनसक्छ । सबैलाई चाहिने साधन स्रोतहरू पर्याप्त जुटेमा कसैलाई पनि भ्रष्टाचार गरी गरी आवश्यकता पूरा गर्ने मन उठ्दैन होला । सबैलाई चाहिने साधन स्रोतहरू पर्याप्त जुट्ने र उपभोगको प्रतिस्पर्धाको भोक नजाग्ने 'रामराज्य' भनेको साम्यवाद नै हो, जुन समाजवादले मात्र जन्माउन सक्दछ । हाम्रो समाजमा समाजवाद पनि जनताको जनवाद वा नयाँ जनवादपछि मात्र सम्भव हुन्छ ।

यो सरकारमा जनताको नियन्त्रण हुने जस्तो नयाँ राज्य प्रणालीमा हरेक परिवारले न्यायोचित हिसाबले मात्र आम्दानी तथा खर्चहरू गर्न पाउने, ती कुराहरू पारदर्शी हुनपर्ने र त्यसैअनुसारको न्यायपूर्ण कर, नाफा, पारिश्रमिक र उपभोग प्रणाली कायम हुने अर्थ-राजनीतिक प्रणाली जरुरी हुन्छ । यस्तो अर्थ-राजनीतिक प्रणालीको स्थापना ठूलै राजनीतिक उथलपुथल वा क्रान्तिबाट मात्र सम्भव हुन्छ ।

तपाईंको राशिफल

- मेष : धेरै भरोसा गर्नु हुँदैन । अज्ञात भयले त्रास दिन सक्छ ।
- वृष : बाहन चलाउँदा सावधानी राख्नुहोला । नातागोतामा विवादको योग छ ।
- मिथुन : मुकद्मा सम्बन्धी समस्याको योग छ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।
- कर्कट : आकस्मिक धनलाभ र विदेश यात्राको योग छ ।
- सिंह : अनावश्यक जिम्मेवारीले दुःख दिन्छ । धैर्यता राख्नुहोला ।
- कन्या : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सबै कार्यमा धैर्य राख्नुपर्छ ।
- तुला : रुकावटपछि सफलता मिल्नेछ । शत्रु परास्त हुनेछन् ।
- वृश्चिक : स्वास्थ्य सामान्य रहन्छ । व्यापारिक कार्यमा लाभ हुनेछ ।
- धनु : सबै कार्यहरुमा प्रगति र साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ ।
- मकर : घर परिवारबाट अपेक्षित सहयोग प्राप्त होला । सन्तानको सुख प्राप्त हुनेछ ।
- कुम्भ : दैनिक कार्यमा प्रगति हुनेछ । आत्मविश्वास राख्नुहोला ।
- मीन : नयाँ कार्य बन्नेछ । पारिवारिक उल्झनले तनावमा वृद्धि गर्नेछ ।

आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

पर्यटकीय जिल्लाको रुपमा विकसित हुँदै अर्घाखाँची

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, २८ माघ

अर्घाखाँची जिल्लामा पर्यटन प्रवर्द्धनको बलियो सम्भावनालाई मध्यनजर गरी पत्रकार महासंघले अभियान शुरु गरेसँगै पर्यटकको आगमन बढेको छ । पूर्वपश्चिम राजमार्गसँग जोडिएको अर्घाखाँची जिल्लामा ५ दर्जन बढी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा सुन्दर रमणीय पर्यटकीय स्थलहरु रहेका छन् । अर्घाखाँचीको सबैभन्दा ठूलो धार्मिक पर्यटकीय क्षेत्र सुपा देउराली मन्दिर हो । सुपादेउराली मन्दिर, खाँचीकोट दरबार तथा एसियाकै सबैभन्दा ठूलो देवी भगवतीको मूर्ति राखिएको भगवती मन्दिर चुत्राबेसीको सिद्धेश्वर मन्दिर देश तथा विदेशमा समेत प्रसिद्ध मानिन्छ ।

पाणिनी ऋषिले तपस्या गरेको पाणीनी तपोभूमि पणेना संसारकै पवित्र ठाउँ मानिन्छ । अधिकांश हिमशिखर र तराईका भू-भागको एकै ठाउँबाट दृश्यावलोकन गर्न सकिने पणेनाको प्राकृतिक वातावरण साँच्चै चर्चा गर्न योग्य छ । जिल्लाको सुपादेउराली मन्दिर लाखौं लाख जनताको विश्वास र आधारको प्रतिक बनेको छ ।

गोरुसिङ्गे-सन्धिखर्क सडकखण्डमा पर्ने सो मन्दिरमा दैनिक पूजाआजाका निम्ति झण्डै तीन हजार भक्तजनहरु आउने गर्छन् । देउरालीको दर्शन गरी भाकल गरेमा चिताएको पुग्ने विश्वासको आधारमा नेपाल तथा भारतबाट समेत भक्तजनहरुको प्रत्येक दिन घुँइचो लाग्ने गरेको छ । जिल्लामा दर्जनौं सुन्दर पहाड, सयौं मठ मन्दिर, दह, पोखरी र प्राकृतिक गुफाहरु तथा बाइसे-चौबीसे राज्यका दरबार समेत रहेका छन् ।

भगवती मन्दिर अर्घा, खाँचीकोट दरबार खाँचीकोट, डमरुदह ठाडा, दुर्वाशेश्वर गुफा खिदीम, पाणिनी तपोभुमि पणेना, उल्क छत्र महाराजको मन्दिर छत्रगञ्ज, जालकाँडा लेक खन, बल्कोट पौवा र शिवालय बल्कोट, नृत्यञ्चलपर्वत र रामवाण तपोभूमि नरपानी, मसीना र तीनपाने लेक धातिवाङ्ग, सेडलेङ्ग दहधनचौर, सुपादेउराली खाँचीकोट, मनचिन्तेपानी, सितखोलाको झरना, रावणको शंखसितापुर, भाले ओढार धारापानी, पकले बगैंचा र पौवा किमडाँडा, भूमिकास्थान ढाकावाङ्ग, सिमे देउराली गोखुङ्गा, घेराको लेक खनदह, नृसिंह मन्दिर हंसपुर, राँगामारे मन्दिर हंसपुर, कोदारे झरना अर्घातोष, सरेपानी ठाडा, गौचौरको दह ढिकुरा, तिलखुवा झरना, जिखोदी गुफा वाङ्ला तथा हटियादेवी मन्दिर जिल्लाका प्रमुख ऐतिहासिक धार्मिक तथा पर्यटकीय स्थल हुन् । ऐतिहासिक स्थलहरुमा ढावरखोला झरनाचिदीका, मधु लेकको गुफाचिदीका, धैरेनी राजाको दरवार ठुलापोखरा, सिद्धबाबा स्थान खनदह, जालकाँडा मन्दिर खन, छहरा खोलाझरना खन, खन देउरालीगुफा खन, गोपेश्वर पीठ वाङ्ला, लामपाटी पौवावाङ्ला, ओडारपानीगुफा अर्घा, गोहोर थुम देउराली किमडाँडा, बान्द्रे गुफागोखुङ्गा, छहरे खोला झरना सिमलपानी, ठुलापोखरा, गुफा सिमलपानी, रानीओढार सुवर्णखाल, मेघनाथ गुफा सिद्धारा, गुरुङ भिरको गुफा सिद्धारा, कालीमाटीको लेक मैदान, मालिका मन्दिर खिदीम, कैलाश डाँडा पणेना आदी छन् ।

सबैजसो बस्तीमा सडक सुविधा पुगेको यस जिल्लालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरेमा प्रत्येक वर्ष देशभित्र तथा बाहिरका हजारौं पर्यटक भित्र्याएर लाखौं आम्दानी गर्न सकिने बलियो सम्भावना रहेको पर्यटन प्रवर्द्धन कार्यक्रम अर्घाखाँचीका प्रवक्ता रिदय कुमार भुसाल बताए । जिल्लालाई पर्यटन उद्योगको रुपमा विकास गर्न केन्द्र र जिल्लाबाट विशेष कार्यक्रम अगाडि ल्याउन पत्रकार महासंघले पहल गरिरहेको पत्रकार महासंघ अर्घाखाँचीका अध्यक्ष अशोक कुमार खनालको भनाइ छ ।

पर्यटन क्षेत्रको विकासबाट जिल्लाको आर्थिक अवस्थामा सुधार हुनुका साथै स्थानीयको जीविकोपार्जनमा व्यापक सुधार ल्याउन सकिने पर्याप्त सम्भावना रहेको नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष रामबहादुर चौहानले बताए । सरकारी उदासिनता र सञ्चारमाध्यमको पँहुचको अभावमा जिल्लाका सम्पदाहरु ओझेलमा परेको चौहानको भनाइ छ । जिल्लाका हजारौं युवाहरु रोजगारीका लागि खाडी मुलुक जान बाध्य भएको अवस्थामा पर्यटकीय क्षेत्रको विकास गर्न सकिएमा स्थानीय तहमै रोजगारी सिर्जना गरी विदेश पलायन हुनबाट युवा जनशक्ति रोक्न सकिने चौहान बताउँछन् ।

अनेरास्ववियु क्रान्तिकारी बाँफिकोटको चौथो सम्मेलन सम्पन्न

प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पश्चिम, २८ माघ

रुकुम पश्चिमको बाँफिकोट गाउँपालिकामा अनेरास्ववियु(क्रान्तिकारी)बाँफिकोटको चौथो गाउँपालिका सम्मेलन सम्पन्न भएको छ । शहीद स्मृति भवन बाँफिकोटमा शुक्रबार सम्मेलन सम्पन्न भएको हो ।

सम्मेलनले प्रेङ्का घर्ती मगरको अध्यक्षतामा २७ सदस्यीय गाउँपालिका समिति गठन गरेको छ । जसको उपाध्यक्षमा खडक दाहाल र मेनुका पुन मगर, सचिवमा महेन्द्र केसी, सहसचिवमा कुशल वि.क., सहसचिवमा सिता वि.क. र कोषाध्यक्षमा अर्जुन कुसारी रहेका छन् । सम्मेलनको अनेरास्ववियु(क्रान्तिकारी)का केन्द्रीय सचिव तुल देवकोटाले उद्घाटन गरेका थिए । सम्मेलनमा नेकपा माओवादी केन्द्रका नेता तथा विद्यार्थी नेताहरुको सहभागिता रहेको थियो ।

कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८०/१०/२५

प्लानेट एकेडेमी प्रा.लि. (Planet Academy Pvt Ltd) को मिति २०८०/१०/१२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मायादेवी मोर्डन एकेडेमी प्रा.लि.** (Mayadevi Modern Academy Pvt Ltd) (**प्रा.लि. नं.: ८०४८६**) साथै साविक ठेगाना परिवर्तन गरी **मायादेवी गा.पा.-०५, रुपन्देही** कायम गर्ने गरी मिति २०८०/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा रोजगारको अवसर | कम्पनी: OXYGEN GYM CENTER शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६८२ L.T. No.:299700

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building And Facility Cleaner	6	0	स. कामका दक्ष	1200	४२,४२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निः शुल्क

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1343/074/075

AL JAZEERA OVERSEAS PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, Tel: 4970605,4952379, Fax: 4352379
E-mail: info@aljazeeraoverseas.com, Web.: www.alzeeraoverseas.com.np

युएईमा रोजगारको अवसर | कम्पनी: TAMDED शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६७४ LT. No.:299755

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	cleaner	0	5	स. काममा दक्ष	800	२८,८७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ३३०८/- कामदारले तिर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No. 313/059/060

ALETQAN NEPAL PVT. LTD.
New Baneshwor Suruchi Marga, Kathmandu Tel: 01-5913834|5913835
aletqannepal313@gmail.com www.aletqannepal.com.np

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: QATOUF AL TAIF TRADING EST शहर: TAIF
पूर्व स्वीकृत मितिः २०१०/१०/२६ चलानी नं.: ६०२१४६८७ L.T. No.:299715

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Kitchen Worker	3	0	स. काममा दक्ष	1000	३५,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० फागुन १३ गते (25 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	कामदारले तिर्ने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ३३०८/- कामदारले तिर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु. १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

License No: 1658/080/081

AL RAWASI AL ASRIAH RECRUITMENT PVT.LTD.
Samakhusi, Kathmandu, Nepal. Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com

SAUDI मा रोजगार | कम्पनी: COFFEE SHOP PLACE TO SERVE DRINKS शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८०/१०/२८ चलानी नं.: ६०२१४७११ L.T. No.: 299814

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Food And Beverage Counter Worker	1	0	स. काममा दक्ष	1000	३५,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले तिर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु.१०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ALON OVERSEAS PVT. LTD.
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com
Govt. Lic. No. 1464/074/075

साउदीमा रोजगार | कम्पनी: M.S. AL SUWAIDI INDUSTRIAL SERVICES CO. LTD. शहर: JUBAIL

पूर्व स्वीकृत मितिः २०८०/०३/११ चलानी नं.: ६०२०३७८२ L.T. No.: 288498 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Pipe Composite	1	0	स. काममा दक्ष	1500	५३,०२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	रु १०,०००/- कामदारले तिर्ने

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५९७/०६२/०६३

अन्जुलिमा इन्टरनेशनल प्रा. लि.
पोष्ट बक्स नं. १३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोन: ४५७३१००, ४५७३३००, ४५८८३६५
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com

मलेसियामा रोजगार | कम्पनी: FUJI SMBE MANUFACTURING SDN BHD शहर : JOHOR

पूर्व स्वीकृत मितिः २०७९/०९/०८ चलानी नं.: ६०१९३७३५ L.T. No.: 278103 पून विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Factory Worker	10	0	स. काममा दक्ष	1500	४१,७३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोने	रोजगारदाताले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १,५००/- कामदारले तिर्ने	निःशुल्क

वैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निवोमको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राष्ट्रोसँग पढेर मात्र सम्मौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठमिले सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ९१०/०४९/०६०

बज्र ह्युमेन रिसोर्सेज प्रा. लि.
जि.पि.ओ.बक्स: २३९०१, धोबीघाट, नयाँबाटो, ललितपुर, नेपाल, फोन: ५५५५८२३,
Email: info@bajrahrs.com, bajra_1@yahoo.com, bajrah@gmail.com | url: www.bajrahrs.com

साउदीमा रोजगार | कम्पनी : CHINA RAILWAY 18TH BUREAU GROUP CO LTD शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१०/२६ चलानी नं.: ६०२१४६८५ LT. No.: 285634

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A Builder	52	0	स. काममा दक्ष	1000	३५,३५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० फागुन ७ गते (19 February 2024) **मा हुनेछ ।**

| स्वदेशमा नर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा नर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा मरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/बढ्ने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्

शिक्षा नीति बनाउँदै माण्डवी गाउँपालिका अन्यले पालिका संघीय ऐन कुर्दै

राजेश जीसी / मध्यान्ह
प्यूठान, २८ माघ

प्यूठानको माण्डवी गाउँपालिकाले जिल्लामै पहिलो पटक शिक्षा नीति ल्याएको छ। पालिकाका उपाध्यक्ष पूर्णप्रसाद कालाथोकीको संयोजकत्व ९ सदस्यीय शिक्षा नीति निर्माण प्राविधिक सदस्य गठन गरिएको थियो। सोही सदस्यले शिक्षा नीति तयारी गरेको छ। उनका अनुसार शिक्षा नीतिका लागि बर्दियाका विभिन्न पालिकाको भ्रमण गरेका थिए। बर्दियाका स्थानीय तहले तयार पारेका नीति र राम्रा अभ्यासका बारेमा अध्ययन गरेका थिए। सोहि अनुरुप माण्डवी गाउँपालिकाका विभिन्न क्षेत्रका विज्ञहरुसँग राय लिएर नीति निर्माण गरेको माण्डवी गाउँपालिकाका उपाध्यक्ष तथा शिक्षा नीतिका संयोजक कालाथोकीले बताए। 'हामीले माण्डवी गाउँपालिकाका सबै माध्यमिक विद्यालयमा पुगेर शिक्षासँग सम्बन्धित विज्ञसगँ छलफल गरेर नीति तयार गरेका छौँ' उनले भने,'यो नीति गाउँ सभाबाट पास गरी आगामि शैक्षिक सत्रबाट लागु गर्ने तयारीमा हामी छौँ।'

पालिकाले शिक्षा नीति समयमै निर्माण नगर्दा समस्या भएको उनले बताए। तर यो नीति सभाबाट पास भए पालिकाको शैक्षिक गुणस्तरमा वृद्धि हुने पालिकाको अपेक्षा छ। माण्डवी गाउँपालिकाले शिक्षा क्षेत्रमा वार्षिक बजेटको ३३ प्रतिशत खर्च गर्ने गरेको थियो। तर खर्च अनुरुप शिक्षा क्षेत्रमा सुधार नआएपछि शिक्षामा सुधार गर्न नीतिको महसुस गरी शिक्षा नीति निर्माण गरेको हो। पालिका पूर्वाधार क्षेत्रमा मात्र नभइ सामाजिक क्षेत्रमा विकास गर्न सबैभन्दा पहिलो आवश्यकता शिक्षा क्षेत्र भएकाले यस क्षेत्र सुधारका लागि नीति तयार गरेका संयोजक कालाथोकीले बताए। 'शिक्षा क्षेत्रको आमुल परिर्वतन गर्न पहिलो त नीति नै आवश्यक पर्दो रहेछ, सोही अनुरुप पालिकालाई सुहाउँदो नीति बनाएका छौँ' उनले भने,' अहिले किताबी क्षेत्रमात्र दिएका छौँ, तर व्यवहारिक शिक्षाको आवश्यक छ।'नीति नबन्दा विद्यालयमा शिक्षक तथा विद्यालय व्यवस्थापनमा समस्या हुँदै गएको थियो। पालिकाले संघ र प्रदेश सरकारले बनाएको विद्येयकमा रहि शिक्षा नीति बनाएको शिक्षा नीति मस्यौदा समितिका सदस्य धर्मराज रोकायाले बताए। 'हामीले संघ र प्रदेशको शिक्षा विद्येयकसँग नबाँझिने र पालिकालाई सुहाउँदो नीति बनाएका छौँ' उनले भने,' यो नीति जिल्लाकै उत्कृष्ट भएको हाम्रो विश्वास छ।' माण्डवी गाउँपालिमा ठूलो विद्यालय, क्याम्पस तथा प्राविधिक विद्यालय स्थापना, आइसीटी विभाग, सुपेरिवेक्षक, शिक्षक बैंकसम्म नीतिमा राखिएको छ।

नीतिले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गर्ने तथा संस्थागत विद्यालयलाई सामुदायिक विद्यालयमा मर्ज गर्न, विद्यालयमा विद्यार्थी टिकाइ राख्न प्रोत्साहन गर्ने, माध्यमिक शिक्षालाई 'सिक्दै कमाउँदै' को अवधारणा अनुसार विद्यालय परिवेश सुहाउँदो एक विद्यालय एक कार्यक्रममार्फत विद्यार्थीमा अत्मनिर्भरता र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गर्ने लगायतको कार्यक्रम समावेश गरिएको छ।

माण्डवी गाउँपालिका प्यूठानमा शिक्षा नीति निर्माण गर्ने पहिलो स्थानीय तह बनेको छ। ९ वटा स्थानीय तह रहेको प्यूठानमा माण्डवी गाउँपालिका बाहेक अन्य स्थानीय तहले यो नीति अझैँ बनाउन सकेका छौँ। उनीहरुले संघ र प्रदेशको शिक्षा विद्येयक अनुसार काम गरिहेका छन्। उनीहरुले आफ्नै शिक्षा विद्येयक नहुँदा शैक्षिक गुणस्तर गर्न सकेका छैनन्।

के-के छ शिक्षा नीतिमा ?

माण्डवी गाउँपालिकाले निर्माण गरेको शिक्षा नीतिमा अनिवार्य तथा निःशुल्क शिक्षा, शैक्षिक सुशासन, सुधार र व्यवस्थापन नैतिक शिक्षा, आमा शिक्षा कार्यक्रम, व्यवहारिक तथा प्राविधिक शिक्षा, सिक्दै कमाउँदै, शिक्षक व्यवस्थापन तथा विकास, शिक्षक बैंक लगायतका नीति समावेश गरेको छ।

अन्य स्थानीय तहले बनाउन सकेन्न शिक्षा नीति

संघीय सरकारले शिक्षा ऐन ल्याइ नसकेका कारण प्यूठानका अन्य पालिकाले शिक्षा नीति बनाउन नसकेको बताएका छन्। स्थानीय तहले ल्याउने नीति संघीय शिक्षा ऐन बाँझिन सक्ने भएकाले अहिले नै नीति नबनाएको झिमरुक गाउँपालिकाका शिक्षा शाखा प्रमुख मोहन विसीले बताए। ' हामीले शिक्षक व्यवस्थापनका लागि मात्र नीति बनाएका छौँ' उनले भने,'संघीय शिक्षा ऐन आएपछि हामीले नीति बनाउने योजनामा छौँ।' ऐन नआउँदै बनाउँदा नीति बाँझिएमा त्यो नीति स्वतः खारेज हुने उनको भनाइ छ। अहिले प्यूठानका स्थानीय तहले पुरानै संघीय शिक्षा ऐन अन्तर्गत नै काम गरिरहेका छन्।

Bagmati Proviencial Government
Ministry of Water Supply, Energy and Irrigation
Water Supply and Sanitation Division No. 3,
Chautara, Sindhupalchok

Invitation for Bid (IFB)

Date of publication : 12th Feb 2024 (Magh 29,2080)

Water Supply and Sanitation Division No.3, Chautara, Sindhupalchok, Nepal invites only electronic bids from qualified/elgigible Bidders for the Construction of entire Works of Following Water Supply Project's of Sindhupalchok and Kavre Districts Various works under National Competitive Bidding; Single Stage, Single invelope Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's website : **www.bolpatra.gov.np/egp.**

S. No.	District	Contract /IFB No	Name of work/Project	Bid Security Amount NRS	Bid Fee.(Nrs.)	Remarks
1	Kavre	NCB-17/080/081 Sindhupalchok	Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Kavre	500000.00	3000.0	Single stage / Single Envelope
2	Sindhupalchok	SQ2/080/081 Sindhupalchok	Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Sindhupalchok	50000.00	1000.0	Single stage / Single Envelope
3	Kavre	SQ3/080/081 Sindhupalchok	Supply and Delivery of GI Pipe Fittings for Various Water Supply Project, Kavre	50000.00	1000.0	Single stage / Single Envelope
4	Sindhupalchok	SQ4/080/081 Sindhupalchok	Supply and Delivery of GI Pipe Fittings for Various Water Supply Project, Sindhupalchok	50000.00	1000.0	Single stage / Single Envelope
5	Kavre	SQ5/080/081 Sindhupalchok	Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Kavre	50000.00	1000.0	Single stage / Single Envelope

Division Chief

अनुसूची - १४
(नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण:
(क) आर्थिक वर्ष २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिको व्यवस्थापनबाट तयार गरिएको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (वार्षिक)	४.२७	*प्रति शेयर कुल सम्पत्तिको मूल्य*	१८७
प्रति शेयर नेटवर्थ	९३.२४	*मुल्य आम्दानी अनुपात* (P/E Ratio)	२३
तरलता अनुपात	२.४८		

२. व्यवस्थापकीय विश्लेषण:
(क) यस त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलतामा अत्याधिक परिवर्तन रहेको छैन। कम्पनीको मौज्दात, आम्दानी र तरलतामा सकारात्मक प्रभाव कायम रहेको छ।
(ख) यस त्रैमासिक अवधि सम्ममा कम्पनीको अन्य व्यवसायिक योजना नरहेको।
(ग) कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी जानकारीमा नरहेको।

३. कानूनी कारबाही सम्बन्धी विवरण:
(क) त्रैमासिक अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।
(ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको सम्बन्धमा कम्पनीलाई कुनै जानकारी प्राप्त नभएको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:
(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा: शेयरको मुल्य तथा कारोवार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा यसमा कम्पनी तटस्थ छ। यद्यपि कम्पनीको शेयरमा मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित कानूनको अधिनमा रही प्रवाहित गरिनेछ।
(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या:

अधिकतम मूल्य	५५८	*न्यूनतम मूल्य*	३८२.२
अन्तिम मूल्य	५०१	*कारोबार भएको कूल दिन*	४९
कारोबार संख्या	६२५६	*कुल कारोबार शेयर संख्या*	६५७१०१

५. समस्या तथा चुनौती:
बढ्दो प्रतिस्पर्धाका कारण कम्पनीमा कार्यरत जनशक्ति कायम राखी राख्ने एवं बढ्दो मुद्रास्फितिका कारण हुने सञ्चालन खर्चको बृद्धि कम्पनीका आन्तरिक समस्या र चुनौती हुन। साथै कम्पनीको परियोजना स्थलमा हुन सक्ने प्राकृतिक प्रकोप जस्तै बाढी, भुकम्प आदि कम्पनीका वाह्य समस्या र चुनौती हुन। सो सम्बन्धमा कम्पनीले आवश्यकता अनुसार समिक्षा गरी रणनीति बनाई सोको निराकरणको उपाय अवलम्बन गरिरहेको छ।

६. संस्थागत सुशासन:
संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्वारा प्रचलित कानूनको पूर्णत: परिपालन गरि रहेको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

Sayapatri Hydropower Limited

Chabahil, Kathmandu
Tel. 01-4564509,E-mail Address: info@sayapatrihydropower.com
Website: WWW.sayapatrihydropower.com

Unaudited Financial Results
(As at 29th Poush, 2080, 2nd Quarter F.Y.2080/81)
Amount in NRs.

Particular	This Quarter ending As at Poush 29, 2080	Previous Quarter ending As at Ashoj 30, 2080	Corresponding Previous Quarter ending As at Poush 30, 2079
Assets			
Non Current Assets			
Property, Plant & Equipment	510,931,740	510,923,389	524337403
Less :Depreciation on PPE	(8,660,977)	(4,330,503)	(8,669,205)
Net Property,Plant & Equipment	**502,270,762**	**506,592,886**	**515,668,198**
Capital Work In Progress	-	-	-
Investment	-	-	-
Intangible assets			
Software	1271668	1362501	-
Goodwill Account	-	-	-
Total Non Current Assets	**503,542,430**	**507,955,387**	**515,668,198**
Current Assets			
Cash & cash Equivalents	11,476,103	3,838,456	16,310,672
Trade & Receivables	18,327,620	31,686,168	21,433,084
Advances, Pre Payment and other Receivables	17,659,944	15,279,555	17,979,192
Inventory	11,199,768	10,997,633	9,068,850
Total Current Assets	**58,663,435**	**61,801,812**	**64,791,798**
Total Assets	**562,205,865**	**569,757,199**	**580,459,996**
Equity & Liabilities			
Equity			
Share Capital	300,000,000	300,000,000	300,000,000
Revaluation Reserve	24,296,474	24,296,474	24,296,474
Retained earning (Loss)	(44,575,314)	(45,581,070)	(44,405,401)
Total Equity	**279,721,160**	**278,715,404**	**279,891,073**
Long Term Loan			
Secured Consortium Term Loans	241896982	241896982	259,530,983
Provision for Employee Benefits	1325500	1325500	1,325,500
Total Long Term Loan	**243222482**	**243222482**	**260,856,483**
Current Liabilites & Provisions			
Short Term Borrowings	20101476	27755610	20,108,045
Trade & Other Payable	19160747	20063703	19,604,395
Tax & Duties	-	-	-
Total Current Liabilites & Procisions	**39262223**	**47819313**	**39,712,440**
Total Liabilities	**282,484,705**	**291,041,795**	**300,568,923**
Total Equity & Liabilities	**562,205,865**	**569,757,199**	**580,459,996**

Cash Flows Statement As at 29th Poush, 2080

Amount in NPR

Particulars	"This Quarter ending As at Poush 29, 2080"	"Previous Quarter ending As at Aswin 30, 2080"	"Corresponding Previous Quarter ending As at Poush 30, 2079"
CASH FLOWS FROM OPERATING ACTIVITIES			
Net Profit for the year	**12,812,581**	**11,806,825**	**14,212,805**
Adjustment for:			
Items of OCI that will not subsequently be reclassified to SoPL	-	-	-
Depreciation & ammortization charges	8,842,644	4,421,336	8,669,205
Interest Income	-	-	-
Interest Expense	14,867,727	7,893,091	15,851,128
Loss/(gain) on subsequent measurement of investments	-	-	-
Income Tax expense charged to statement of income	-	-	-
Working Capital Adjustments			
Decrease/(Increase) in trade receivables	(110,259)	(13,468,806)	(5,406,420)
Decrease/(Increase) in Advance,Prepayment & other receivables	(115,077)	2,265,311	(1,438,983)
Decrease/(Increase) in Inventories	(1,774,030)	(1,571,895)	-
Increase/(Decrease) in trade and other payables	(4,299,554)	(3,396,600)	(2,573,134)
Increase/(Decrease) in provisions for Gratuity	-	-	-
Increase/(Decrease) in other liabilities	-	-	-
Cash Generated from Operations	**30,224,032**	**7,949,262**	**29,314,601**
Interest paid	(14,867,727)	(7,893,091)	(15,851,128)
Income tax paid			-
NET CASH FLOWS FROM OPERATING ACTIVITIES (A)	**15,356,305**	**56,171**	**13,463,473**
CASH FLOW FROM INVESTING ACTIVITIES			
Proceeds from sale of PPE, Investments/Financial Assets	-	-	-
Interest/Dividend received	-	-	-
Acquisition/devaluation of Property, Plant and Equipment	(44,145)	(35,795)	(72,824)
NET CASH FLOWS FROM INVESTING ACTIVITIES (B)	**(44,145)**	**(35,795)**	**(72,824)**
CASH FLOW FROM FINANCING ACTIVITIES			
Proceeds from the issue of Equity and Preference Share	-	-	90,000,000
Proceeds from Long term borrowings	-	-	(61,385,418)
Repayment of other Short-term Borrowings	(13,381,399)	(5,727,265)	(28,116,785)
Dividend Paid	-	-	-
NET CASH FLOW FROM FINANCING ACTIVITIES (C)	**(13,381,399)**	**(5,727,265)**	**497,797**
Net Increase in Cash and Cash Equivalents	1,930,757	(5,706,890)	13,888,447
Cash and Cash Equivalents at the beginning	9,545,346	9,545,346	2,422,225
Exchange gains/(losses) in cash and cash equivalents			
Cash and Cash Equivalents at the end	11,476,103	3,838,456	16,310,672

Profit and Loss (For the Quarter ending Poush 29, 2080)

Particular	"This Quarter ending As at Poush 29, 2080"	"Previous Quarter ending As at Aswin 30, 2080"	"Corresponding Previous Quarter ending As at Poush 30, 2079
Direct Income	43,754,232	28,346,705	41,261,515
Less : Royalty Expenses	-	-	-
Less : Project Expenses	3853713	2817744	2,602,026
Gross Profit	**39,900,519**	**25,528,961**	**38,659,489**
Other Income	2,607	2,607	4,552,800
Operating Expenses			
Administrative Expenses	1,070,357	419,666	2,043,916
Employee's Benefits	2,309,817	990,650	2,435,235
Operating Profit	36,522,952	24,121,252	38,733,138
Non Operating Expenses			
Financial Costs	14867727	7893091	15851128
Depreciation & ammortization	8842644	4421336	8669205
Profit(Loss) Before Bonus & Tax	**12,812,580**	**11,806,825**	**14,212,805**
Provision for Bonus	-	-	-
Profit/(Loss) Before & Tax	-	-	-
Profit After Tax	**12,812,580**	**11,806,825**	**14,212,805**
P/L Appropriation Account			
Profit (Loss) For The Year			
Profit/(Loss) Upto Previous Year			
Balance Curried to Reserve & Surplus			
Earning Per Equity Shares of 100 each	3,000,000	3,000,000	3,000,000
Basic Eps	4.27	3.94	4.74
Dilluted EPS	4.27	3.94	4.74

हुम्लामा दर्जन बढी सरकारी कार्यालय प्रमुखविहीन

भन्ने सोत खोज गर्ने जिल्ला प्रशासन कार्यलयको स्रोतले जनाएको छ ।

ओबराज शाही/मध्यान्ह
हुम्ला, २८ माघ

दुर्गम जिल्ला हुम्लामा एक दर्जन भन्दा बढी सरकारी कार्यालय प्रमुख विहीन भएका छन् । लामो समयदेखि कार्यालय प्रमुख विहीन हुँदा सेवाग्राहीलाई सेवा लिन सास्ती भएको सहायक प्रमुख जिल्ला अधिकारी अमृत प्रसाद सुवेदीले बताए ।

सायक प्रमुख जिल्ला अधिकारी सुवेदीका अनुसार संघ र प्रदेश मातहत कार्यलयहरु खानेपानी तथा सिचाइ कार्यलय ,नाफि कार्यलय , हिल्दुम बिधुद कार्यलय , अध्यागमन कार्यलय ,स्याउजुन कार्यलय हुलाक कार्यलय ,कृषि बिकास कार्यलय ,पशु अस्पताल ,सामाजिक बिकास कार्यलय , प्रदेश इकाई कार्यलय , प्रहरी प्रमुख,समन्वय प्रमुख, सिमकोट बिमानस्थल कार्यलय र डिभिजन बन कार्यलयका प्रमुख विहिन भएको आईतवार अनुगमनमा देखिएको जनाए । त्यस्तै जिल्ला प्रशासन कार्यलय पनि प्रमुख विहिन देखिएको छ । अनुगमन गर्दा प्रमुख विहिन भएका कार्यलयमा निमित्त कार्यलयको भरमा कार्यलय संचालन हुँदै आएको छ । त्यस्तै सात वटै स्थानीय तहमा पनि निमित्तको भरमा गाउँपालपका चल्दै आएको देखिन्छ । प्रमुख विहिन मुख्य कारण प्रदेश तथा संघ सरकारले आयोजना गरेका तालिम, गोष्ठी, सेमिनार र बैठकमा भाग लिन गएपछि यो अवस्था आएको देखिन्छ । भाग लिन गएको लामो समय भए पनि हालसम्म जिल्लामा नफर्किए पछि कार्यालय निमित्तका भरमा सञ्चालन हुँदै आएको छ । कार्यलय प्रमुख जिल्ला बाहिर जादा जिल्ला प्रशासनमा जानकारी गराउनु पर्ने हुदा पनि केहिले प्रमुखले कुनै जानकारीनै नदिएर गएको बताए। कार्यालयलाई प्रमुखविहीन बनाएर जिल्लाबाहिर गएका कार्यालय प्रमुखहरू एक देखि दुई महिनासम्म जिल्लामा नफर्किएको पाइएको छ। कार्यालय प्रमुख जिल्लाबाहिर सञ्चालन भएका तालिम, गोष्ठी र बैठकमा भाग लिन गए पनि जिल्लामा चिसो हुने भएकाले चिसो छल्न जिल्ला नफर्किएको देखिन्छ ।

प्रमुखविहीन भएका ती कार्यालयमा कार्यालय सहयोगीदेखि नायव सुब्बासम्मले कार्यालयमा निमित्तको रुपमा काम गर्दै आएको पहिएको छ । अब अनुगमनको पाटो बडाउने र प्रमुख विहिन किन कसरी भए

सानिमा बैंक लिमिटेड शाखा कार्यालय कलंकीको धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित सवारी साधन बैंकलाई बुझाउने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सूचना

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट लिएको सवारी साधन कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक, लिखित तथा ३५ दिने सार्वजनिक सूचना मार्फत तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यसै सूचनाबाट पुनः ताकेता गरीएको छ । साथै, बैंकको नाममा सुरक्षण स्वरूप रहेका तपसिलमा उल्लेखित सवारी साधन तपाई ऋणीले हालसम्म बैंकमा नबुझाउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले **७ (सात)** दिनभित्र उल्लेखित सवारी साधन आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा वा केन्द्रीय कार्यालय नक्सालमा बुझाउनहुन ऋणी तथा जमानतकर्ताहरूलाई यसै सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ । हाल उक्त सवारी साधन ऋणी बाहेक अन्य कसैद्वारा प्रयोग गरिएको भएमा त्यस्ता व्यक्ति तथा संस्था लगायत सम्बन्धित सबैलाई सवारी साधनको त्यस्तो प्रयोग गैर कानुनी भएको व्यहोरा जानकारी गराउदै त्यसरी प्रयोग गरी रहनु भएको सवारी साधनहरू आफूलाई पायक पर्ने यस बैंकको नजिकको शाखा कार्यालय वा केन्द्रीय कार्यालय नक्सालमा तुरून्त बुझाउन हुन सुचित गरिन्छ । यसै सूचना अनुसार समेत सवारी साधन नबुझाइएमा प्रचलित कानुन अनुसार कारबाही अगाडि बढाउन सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

साथै, जानी जानी वा भवितब्य परी उपरोक्त सवारी साधन कुनै गैर कानुनी कार्यमा प्रयोग भएमा वा कुनै घटना घटेमा सो को सम्पूर्ण जिम्मेवारी ऋणी तथा सवारी साधन प्रयोगकर्ताले नै लिनु पर्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराउन चाहन्छौ ।

तपसिलः

क्र.स	ऋणीको नाम, थर र ठेगाना :
१.	सेवकराम खड्काको नाति, डम्बर बहादुर खड्काको छोरा, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा./गा.वि.स वडा नं. ६ बस्ने प्रकाश खड्का ।
व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :	
१.	तिलाराम रानाको छोरी, प्रकाश खड्काको श्रीमती, वर्दिया जिल्ला, जमुनी उ.म.न.पा./गा.वि.स वडा नं. ८ बस्ने सुनिता राना ।
२.	सेवकराम खड्काको नाति, डम्बर बहादुर खड्काको छोरा, बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. ६ बस्ने रबि रोशन खड्का ।
